# प्रभाव दैनिक

National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक १३४ | काठमाडौं | सोमबार, २० भदौ २०७९ | Prabhab National Daily, | Monday, September 5, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


निलम्बित प्रधानन्यायाधीश राणाले भने-

## रञ्जन कोइरालाको मुद्दामा मात्र महाभियोग स्वीकार गर्छु



■ प्रभाव संवाददाता

**काठमाडौँ–** सर्वोच्च अदालतका निलम्बित प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराले सशस्त्र प्रहरीका पूर्वडिआइजी रञ्जन कोइरालाको मुद्दामा गरेको फैसलाको आधारमा आफूमाथि महाभियोग लगाइएको हो भने मात्र स्वीकार गर्ने बताएका छन् । आइतबार महाभियोग सिफारिस समितिको बैठकमा तेस्रो दिन बयान दिँदै उनले यस्तो चुनौती दिएका हुन् । त्यसबाहेक महाभियोग प्रमाणित हुने कुनै आधार र प्रमाण नभएको उनले दोहोऱ्याए । आफूले संविधान र कानुन उल्लंघन नगरेको दाबी उनले गर्दै आएका छन् ।

पूर्वडिआइजी कोइरालाको मुद्दासम्बन्धी समिति सभापति रामबहादुर विष्टले गरेको प्रश्नमा जवाफ दिँदै राणाले भने, ‘ यो फैसलालाई भ्रममा लगियो । दुःखका साथ भन्नुपर्छ, को संलग्न छ भनेर आफूहरूले नहेर्ने कर्तव्य ज्यानको मुद्दाको रूपमा मात्र हेर्न हो । मुद्दाको पक्ष र विपक्षलाई हैन तथ्यलाई हेरेर फैसला गर्छौं ।’


कोइरालाको फैसला उल्टयाएर कम सजाय गर्दा गल्ती भएको उनले स्वीकार गरे । कोइरालाले साढे आठ वर्ष र केही अवधि कैद सजाय भोगेकाले दुईवटा बच्चाको बकपत्र हेर्दा अभिभावक नगुमोस् भन्ने मनसाय राखेर सजाय घटाएको राणाको भनाइ थियो । ‘यसमा गल्ती भएको छ । यसैका आधारमा महाभियोग लगाउने हो भने म स्वीकार गर्छु,’ राणाले भने ।

यस्तै, संवैधानिक नियुक्तिसम्बन्धी मुद्दाको सुनुवाइ ढिलाइबारेको प्रश्नमा उनले दुईवटा मुद्दा सँगै आएकाले ढिलाइ भएको दाबी गरे । संवैधानिक नियुक्ति र संसद् विघटनको मुद्दा सँगै आएकोमा संसद् विघटनको मुद्दालाई प्राथमिकता दिँदै अगाडि सुनुवाइ गरिएको उनले बताए । पहिलो प्राथमिकतामा परेको संसद् विघटनको मुद्दामा फागुन ११ गते फैसला गरेको उनले उल्लेख गरे ।

‘संवैधानिक इजलास हप्तामा दुई दिनमात्र बस्ने अनि कुनै एक जना न्यायाधीश नआउँदा रोकिने अवस्था रहेकोले संवैधानिक नियुक्तिसम्बन्धी मुद्दा सुनुवाइ हुन नसकेको हो,’ राणाको जवाफ थियो । उनले संवैधानिक परिषद्को बैठकमा नजान राजनीतिक दबाब आएकोसमेत बताए । आफूलाई नेपाली कांग्रेस र माओवादी केन्द्रले दबाब दिएको उनको (बाँकी पृष्ठ ५ मा)

# मन्त्रीलाई ‘नियम सिकाउँदा’ हिरासतको बास

■ आरके शाही



**काठमाडौं-** व्यक्तिगत कामले काठमाडौंको ठमेलस्थित छायाँ सेन्टर पुगेका संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठलाई ‘ हप्काएको’ आरोपमा त्यहाँ कार्यरत एक जना सुरक्षागार्ड पक्राउ परेका छन् । शुक्रबार बिहान साढे ९ बजे छायाँ सेन्टरमा रहेको भिएफएस ग्लोबल भिसा सेन्टर सेन्टरमा पुगेका मन्त्री श्रेष्ठलाई ‘लाइनमा बस्न’ अह्राएपछि उनी पक्राउ परेका हुन् । पक्राउ पर्नेमा त्यहाँ कार्यरत सुरक्षागार्ड शेरजंग गुरुङ रहेका छन् । उनी त्यहाँका सुरक्षागार्ड इन्चार्जसमेत रहेको बताइएको छ । गुरुङ गरूड सेक्युरिटीबाट खटिएका सुरक्षागार्ड हुन् ।

गुरुङले मन्त्री श्रेष्ठमाथि ‘अभद्र’ व्यवहार गरेकाले नियन्त्रणमा लिइएको प्रहरीको भनाइ छ । उनले मन्त्रीलाई ‘लाइनमा किन नबसेको ?’ भनी ‘ थर्काएको,’ मन्त्रीको परिचय दिँदासमेत ‘ मन्त्री-सन्त्री मतलब छैन’ भन्दै दुर्व्यवहार गरेको बताइएको छ ।

मन्त्री श्रेष्ठलाई सुरक्षागार्डले भित्र छिर्न नदिएको र मन्त्रीका सुरक्षागार्ड तथा सहयोगीले ‘उहाँ मन्त्री हो’ भनेर चिनाउँदासमेत दुर्व्यवहार गरेकाले पक्राउ गरिएको प्रहरी वृत्त दरबारमार्गकी प्रमुख, प्रहरी नायब उपरीक्षक कोपिला चुडालले प्रभाव दैनिकलाई बताइन् ।

- छायाँ सेन्टरका सुरक्षागार्डले पर्यटनमन्त्रीलाई ‘लाइनमा बस्न’ भनेपछि विवाद
- ‘मन्त्री-सन्त्री चिन्दिनँ’ भन्दा भनाभन
- पर्यटन मन्त्रालयबाट गृह हुँदै प्रहरी प्रधान कार्यालय पुग्यो पत्र
- अभद्र व्यवहार कसूरको अनुसन्धानका लागि पाँच दिन म्याद थप
- दरबारमार्गको हिरासतमा छन् सुरक्षागार्ड शेरजंग
- कसूर ठहरिए एकवर्ष कैद,१० हजार जरिवाना वा दुवै सजाय हुने
- सुरक्षागार्ड पक्राउ गरिएकोमा चौतर्फी आलोचना

**यस्तो छ घटना**

क्यानडामा हुने अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ) को बैठकमा सहभागी हुनका लागि उनी भिसा प्रक्रियाको बायोमेट्रिक गर्न श्रीमतीसहित छायाँ सेन्टर पुगेका थिए । सोही क्रममा सुरक्षागार्ड गुरुङले मन्त्री श्रेष्ठलाई लाइनमा बस्न लगाएका थिए । त्यसपछि मन्त्रीका पिएसओले श्रेष्ठ मन्त्री भएको भनेर सम्झाउँदा पनि उनले ‘मन्त्रीसन्त्री चिन्दिनँ’ भन्दै लाइनमा बस्न लगाएर दुर्व्यवहार गरेको आरोप लगाइएको छ । त्यसक्रममा गुरुङले म पनि सेनाकै भूपू हो भन्दै रिसाएको बताइएको छ । गुरुङले जो मानिस भए पनि लाइनमा बस्नुपर्ने बताएपछि त्यहाँ धकेलाधकेलको अवस्था सिर्जना भएको प्रहरीले जनाएको छ ।

उनले पुनः मन्त्री श्रेष्ठलाई लाइनमा बसेर आउन आग्रह गरेपछि श्रेष्ठ झोक्किएका थिए । त्यसपछि सुरक्षागार्ड गुरुङ र मन्त्री श्रेष्ठबीच भनाभन नै भएको थियो । ठेलमठेलबीच काम सकाएर मन्त्री श्रेष्ठ मन्त्रालय फर्किएका थिए । त्यसलगत्तै पर्यटन मन्त्रालयले छायाँ सेन्टरस्थित व्यक्तिगत काममा गएका बखत मन्त्रीमाथि सुरक्षागार्डबाट दुर्व्यवहार भएको भन्दै कारबाहीका लागि गृह मन्त्रालयमा पत्र पठाएको थियो । शुक्रबार नै गृहले पर्यटनको पत्र प्रहरी प्रधान कार्यालय पठाएको थियो । प्रहरी प्रधान कार्यालयबाट काठमाडौं उपत्यका प्रहरी कार्यालयबाट हुँदै पत्र प्रहरी वृत्त दरबारमार्ग पुगेको थियो ।

दरबारमार्ग वृत्तकी प्रमुख, डिएसपी चुडालले मन्त्रीजस्तो सम्मानित व्यक्तिमाथि दुर्व्यवहार गरेको उजुरी आएपछि सुरक्षागार्ड (बाँकी पृष्ठ ५ मा)

### चौतर्फी आलोचना

पर्यटनमन्त्री जीवनराम श्रेष्ठको आदेशमा सुरक्षागार्डलाई पक्राउ गरिएपछि चौतर्फी आलोचना भइरहेको छ । सुरक्षागार्डले आफ्नो ड्युटी पूरा गर्दा पक्राउ पर्नुपर्ने अवस्था आउनु दुःखद् भएको आलोचकहरूको टिप्पणी छ । सार्वजनिक पद धारण गरेका व्यक्तिले नै विधि पालना गराउने व्यक्तिलाई पक्रन लगाउनु उचित नभएको उनीहरूको भनाइ छ ।

यसरी आलोचना गर्नेमा नेपाली कांग्रेसका नेता राहहरि खतिवडादेखि पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईसम्म छन् । अन्य सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले पनि चर्को आलोचना गरिरहेका छन् । कतिपयले त मन्त्री श्रेष्ठले माफी माग्नुपर्ने र राजीनामा दिनुपर्नेसमेत आवाज उठाइरहेका छन् ।

‘मन्त्रीलाई लाइनमा बस्नुस् भन्दा सुरक्षागार्डलाई थुनिएको समाचार सत्य हो भने यो भन्दा लज्जास्पद कुरा के हुन्छ ?,’ पूर्वप्रधानमन्त्री भट्टराईले ट्विटरमा लेखेका छन्, ‘ नियम पालना गराउने अपराधी कि नियम उल्लंघन गर्ने अपराधी ? यो खबर सुनेपछि ट्राफिक सिग्नल पालन नगर्दा प्रमलाई समेत दण्डित गर्ने देशका पर्यटकले के भन्लान् ?’

यस्तै, कांग्रेस नेता खतिवडाले लेखेका छन्, ‘कानुन पालना गरेबापत सुरक्षागार्ड थुन्ने काम नगरौं । तपाईं इमानदार रहेकोमा धन्यवाद भनौं । माननीय पर्यटनमन्त्रीज्यू ।’

सन्दर्भ : वैदेशिक रोजगार

## कसैको प्रलोभनमा नपर्न इपिएस कोरिया शाखाको आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौँ–** वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले कोरियन भाषा परीक्षा (इपिएस) पास भएकाहरूलाई ठगीबाट बच्न सचेत गराएको छ । शाखाले आइतबार एक सूचना जारी गरी इपिएस पास भएकाहरूलाई छिटो काम मिलाइदिने भन्दै रकम असुली गरी ठगी गरिरहेको सूचना प्राप्त भएको भन्दै त्यस्तो प्रलोभनमा नपर्न सचेत गराएको हो ।

इपिएस पास गरेर दक्षिण कोरियामा रोजगारीका लागि जाने तयारीमा रहेकाहरूलाई छिटो काम मिलाइदिने बहानामा विभिन्न व्यक्तिले ठगी गरिरहेको पाइएको छ । यसमा शाखाका कर्मचारी तथा इपिएस पासरहरूसमेत संलग्न रहेको बताइएको छ ।

शाखाका अनुसार इपिएस पास गरेर दक्षिण कोरियामा रोजगारीका लागि जाने तयारीमा रहेकाहरूलाई छिटो काम मिलाइदिने बहानामा विभिन्न व्यक्तिले ठगी गरिरहेको पाइएको छ । यसमा शाखाका कर्मचारी तथा इपिएस पासरहरूसमेत संलग्न रहेको बताइएको छ । त्यस्तो कार्यमा संलग्न व्यक्तिको बारेमा जानकारी गराउनसमेत शाखाले अनुरोध गरेको छ ।

‘यस शाखा कार्यालयपरिसर भित्र एवं बाहिर शाखाबाट प्राप्त हुने सेवाका लागि आउने सम्बन्धित सेवाग्राहीहरूलाई छिटो-छिटो सबै काम मिलाइदिन्छु भनी आफैं वा कर्मचारीहरूको नाममा विभिन्न समयमा विभिन्न व्यक्तिहरू, कर्मचारीहरू तथा इपिएस पासरहरू मध्येकालेसमेत सम्बन्धित सेवाग्राहीहरूसँग रकम माग गरी ठगी गर्ने गरेको भनी गुनासो आएकोले कोही कसैबाट काम, प्रक्रिया छिटो मिलाइदिन्छु भनी रकम माग गरेमा, विभिन्न प्रलोभन देखाएमा त्यस्ता व्यक्तिहरूबाट सजग रहन, प्रलोभनमा नपर्न र त्यस्तो कोही कसैबाट भएमा त्यस्तो सूचना यस शाखा, नजिकको प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालयमा दिनुहुन अनुरोध छ,’ शाखाका निर्देशक पुष्पराज कट्वालले जारी गरेको सूचनामा उल्लेख छ ।

त्यस्ता कार्यमा संलग्न हुनेहरूलाई कानुनी दायरामा ल्याई कडा कारबाही गर्न शाखाको अनुरोधमा सम्बन्धित निकायबाट अनुगमन तथा निगरानी भइरहेको पनि शाखाले जनाएको छ । ‘सूचना दिने व्यक्तिको विवरण गोप्य राखी त्यस्तो गतिविधि तथा ठगी कार्यमा संलग्नहरूलाई कानुनबमोजिम कडा कारबाही गरिने व्यवस्था मिलाइएको छ,’ सूचनामा भनिएको छ ।

अनलाइनको माध्यमबाट गर्नुपर्ने कामहरूको नमूना शाखाको वेबसाइटमा राखिएको उल्लेख गर्दै शाखाले उक्त कार्य स्वयंले मोबाइल तथा कम्प्युटरबाट गर्न सकिने जनाएको छ । ठगीबाट बच्न आवेदन फाराम आफैंले भर्न शाखाले अनुरोध गरेको छ । साथै, कार्यालय परिसरबाहिर रहेका बिमा, फोटोकपी, कम्प्युटर प्रिन्टिङलगायतका सेवा लिँदा प्रचलित दररेटभन्दा बढी रकम लिएमासमेत खबर गर्न अनुरोध गरिएको छ ।

रोजगारीको आकर्षक गन्तव्य दक्षिण कोरियामा इपिएस प्रणालीमार्फत नेपाली कामदार पठाउने गरिएको छ । कोरोना भाइरसको महामारीका कारण २०७६ चैत महिनादेखि इपिएसमार्फत कामदारहरू दक्षिण कोरिया जाने प्रक्रिया रोकिएको थियो । उक्त प्रक्रिया २०७८ कात्तिक महिनादेखि पुनः सुरु भएको थियो । पुनः सुरु भएदेखि यही भदौ १५ गतेसम्मको अवधिमा आठ हजार ८७० जना कामदार दक्षिण कोरिया पुगिसकेको शाखाले जानकारी दिएको छ ।

श्रमिकसँग श्रममन्त्रीले भने-

## गुनासोको सुनुवाइ तत्काल गरिन्छ



**काठमाडौं (प्रस)–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवरले मन्त्रालयसँग सम्बन्धित श्रमिकका गुनासाहरू तत्काल सम्बोधन गर्ने कार्य भइरहेको बताएका छन् ।

मन्त्रालयमा रहेको वैदेशिक रोजगारीसम्बन्धी गुनासो सुनुवाइ कक्षमा ‘श्रमिकसँग श्रम मन्त्री’ कार्यक्रमको आइतबार दोस्रो अंकमा श्रमिकसँग प्रत्यक्ष फोनमा कुरा गर्दै मन्त्री कुँवरले गुनासाको तत्काल सुनुवाइ भइरहेको बताएका हुन् ।

आइतबार बिहान ११ देखि १२ बजेसम्म एक घण्टा फोनमार्फत देश र विदेशबाट गरी १० जना श्रमिकले मन्त्री कुँवरलाई आफ्ना जिज्ञासा, गुनासा र समस्याहरू सुनाएका थिए । झापाबाट फोन गर्दै एक श्रमिकले कोरिया जानका लागि भाषा परीक्षा पास गरेर पनि जान नपाएको गुनासो मन्त्री कुँवरलाई सुनाए । त्यस्तै साउदी र मलेसियाबाट फोन गर्दै श्रमिकहरूले कम्पनीले काम नदिएको र आफू बिरामी भएर अस्पतालमा उपचार गराइरहेको गुनासो मन्त्रीलाई सुनाएका थिए । यी दुवै गुनासाबारे मन्त्री कुँवरले सम्बन्धित निकायलाई समस्या समाधानका लागि पहल गर्ने आश्वासन दिएको मन्त्रालयले जनाएको छ । कार्यक्रममा विष्णुदेव साहले फोन गरी गत वैशाख २ गते साउदीमा दुर्घटनामा परी मृत्यु भएका सुरेन्द्रप्रसाद साहको शव नेपाल ल्याउन पहल गरिदिन मन्त्री कुँवरलाई आग्रह गरेका थिए । मन्त्री कुँवरले परराष्ट्र मन्त्रालयसँग घटनाबारे बुझ्ने र जतिसक्दो छिटो शव ल्याउन पहल गर्ने आश्वासन दिएका थिए ।

यस्तै श्रमिकहरूले केही म्यानपावरहरूले भनेअनुसार विदेशमा आफूले काम नपाएको गुनासोसमेत गरेका थिए । श्रमिकसँग मन्त्री कुँवरले विदेशमा रहेका श्रमिकहरूका समस्या र गुनासाहरूप्रति आफू गम्भीर रहेको र समस्या समाधानका लागि निरन्तर पहल गरिरहेको बताए ।




कामपा प्रमुख शाह भन्छन्

# 'हामी १०० दिने दौडमा छैनौं, पाँच वर्षका योजना छन्'

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिका (कामपा)का प्रमुख बालेन्द्र (बालेन) शाहले आफूले जिम्मेवारी सम्हालेपछि आफ्नो जिम्मेवारीमा सचेत भएर काम गरेको बताएका छन् । महानगर प्रमुखको कार्यभार सम्हालेको १०० दिनलाई सम्झँदै आइतबार उनले आफ्नो कामको मूल्यांकन जनताले गर्ने उल्लेख गरेका छन् ।

'हामीले आफ्नो कार्यक्षेत्र, कर्तव्य र अधिकारले दिनेसम्म सचेत रहेर काम गऱ्यौं । त्यसले आममानिसमा कस्तो सन्देश दियो भन्ने कुराले हामीलाई फरक पार्छ,' प्रमुख शाहको भनाइ छ । मानिसहरूमा सकारात्मक ऊर्जा प्राप्त भयो र उनीहरूले परिवर्तनको महसुस गरेमात्र आफ्नो कामले नतिजा दिएको ठहरिने उनले बताएका छन् ।

उनले १०० दिन पुगेको सन्दर्भमा आफूलाई मनमा छोएका विषयहरू सम्झिएका छन् । जसमा फुटपाथबाट मकैको ठेला हटाएको, ई स्पोर्टसका लागि लागि एक करोड विनियोजन गरेको, यमबुद्धको सालिक निर्माणका लागि बजेट छुटचाएको, मद्यपान र मुकुट परिवर्तन, फोहोर व्यवस्थापनमा ढिलाइ, नर्भिक अस्पतालको संरचना हटाउनेलगायत सन्दर्भलाई उनले उल्लेख गरेका छन् ।

प्रमुख शाहले आफू १०० दिने दौडमा नभई पाँच वर्षे योजनाका साथ अघि बढेकोसमेत प्रस्ट पारेका छन् । 'हामी १०० दिनको दौडमा छैनौं । हामीसँग पाँच वर्षका लागि योजना छन् । हामी अझै केही समय गाली र आलोचनामात्रै सहन तयार छौं तर हतार गरेर महानगरका समस्याहरूको दिगो समाधान र व्यवस्थापनको बाटोबाट अन्यत्र मोडिन तयार छैनौं,' उनले भनेका छन्, 'विश्वास छ, हामीप्रति रहेको विश्वास र समर्थनलाई हामी निराश बनाउने छैनौं ।'

# फोटो पत्रकार प्रधानलाई लहनाको सम्मान



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल भाषाको साप्ताहिक पत्रिका 'लहना'ले फोटो पत्रकार अनुप प्रधानलाई सम्मान गरेको छ । उक्त पत्रिकाले ४०० अंक प्रकाशन भएको अवसरमा शुक्रबार एक समारोबीच फोटो पत्रकार प्रधानसहित विभिन्न व्यक्तिहरूलाई सम्मान गरेको हो ।

सम्मानित प्रधानलाई १५ हजार रूपैयाँ नगद र सम्मानपत्र प्रदान गरिएको थियो । पत्रकारिताको माध्यमबाट समुदायको उत्थानमा योगदान गरेको भन्दै प्रधानलाई सम्मान गरिएको जानकारी दिइएको छ । प्रधान हाल कान्तिपुर हटलाइन डटकममा कार्यरत छन् ।

त्यस्तै कार्यक्रममा पत्रकार विराजकाजी राजोपाध्याय, रत्नकाजी महर्जन, कलाकार रामकृष्ण खड्गीलगायतलाई पनि सम्मान गरिएको थियो ।

पत्रकार नृपेन्द्रलाल श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रममा संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजेन्द्र श्रेष्ठ, बागमती प्रदेशका सांसद राजेश शाक्य, नेपाल भाषा एकेडेमीका कुलपति यज्ञराज धाख्वा, काठमाडौं महानगरपालिकाका पूर्वप्रमुख विद्यासुन्दर शाक्य, लहनाका सम्पादक सुरेन्द्रभक्त श्रेष्ठलगायतले आ-आफ्नो धारणा राखेका थिए ।

# इमेज च्यानलमा महासंघको धर्ना

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल पत्रकार महासंघले आइतबार इमेज टेलिभिजनमा धर्ना दिएको छ । कोभिडकालमा निश्काशन गरेका श्रमजीवीहरूको पारिश्रमिक अझै उपलब्ध नगराएको, २०७६ देखि चाडबाडका पैसा उपलब्ध नगराएको, कल्याणकारी कोषमा पत्रकारको पारिश्रमिक काटिने तर व्यवस्थापन पक्षले पारिश्रमिक नहालेको र नियमित पारिश्रमिक नदिइएको, न्यूनतम पारिश्रमिकसमेत सबै पत्रकारहरूलाई नदिएको विषयमा महासंघले लाजिम्पाटस्थित टेलिभिजनको कार्यालयपरिसरमा एक घण्टा धर्ना दिएको हो ।

महासंघको इमेज प्रतिष्ठान शाखाले व्यवस्थापनसँग केही समय अगाडि मागपत्र प्रस्तुत गर्दा र महासंघ केन्द्रले पनि त्यहाँ देखिएका श्रमसम्बन्धी समस्या समाधानका लागि पटक-पटक आग्रह गर्दासमेत व्यवस्थापन पक्षबाट बेवास्ता भएपछि धर्ना कार्यक्रम राखेको महासंघले जनाएको छ ।

धर्ना कार्यक्रमलाई सम्बोधन गर्दै महासंघका वरिष्ठ उपाध्यक्ष रमेश विष्टले पत्रकारको पारिश्रमिक सम्बन्धमा कसैमाथि अन्याय भए महासंघले सुरु गरेको आन्दोलनमा जोडिन आग्रह गरेका थिए ।

'पीडित पत्रकारले न्याय नपाउँदासम्म महासंघ पत्रकारको पक्षमा लडिरहन्छ । आन्दोलन बीचैमा छोडेर सम्झौता गर्दैन,' उनले भने । पारिश्रमकको विषयमा आवाज उठाउने पत्रकारलाई व्यवस्थापन पक्षबाट हुनसक्ने नकारात्मक व्यवहारबाट नडराउन पनि उनले आग्रह गरे ।

महासंघका महासचिव रोसन पुरीले राज्यबाट सेवा सुविधा लिने तर पत्रकार तथा श्रमिकको सेवा सुविधा नदिने सञ्चारमाध्यमको खुलेर विरोध गरिने बताए । सञ्चारक्षेत्रको विकासका लागि केही सञ्चारमाध्यमले सरकारबाट सहुलियतपूर्ण ऋण लिएर अन्य क्षेत्रमा लगानी गरेको भन्दै उनले त्यसको हिसाबकिताब खोजिने चेतावनी दिए ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULLAH BIN MUHAMMAD BIN HASSAN AL HUSSEIN FOUNDATION FOR MEALS

पूर्व स्वीकृति मिति: २०७९/०५/१९ LT. No.271142 चलानी नं. ६०१८६८५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 1 | 0 | 1300 | ४४,१२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Worker | 2 | 0 | 1300 | ४४,१२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २७ गते (12th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Prince International Employment Service Pvt. Ltd.**

श्रम ईजाजत नं. ४३५/०६०/०६१

Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, E-mail : info@princeies.com



## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CONNECTION PROJECT SRL

पूर्व स्वीकृति मिति २०७८/१२/२३ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/१९ LT. No.260959 चलानी नं. ६०१७७३५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 49 | 0 | 550 | ७०,१७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Seamtress | 0 | 27 | 550 | ७०,१७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २७ गते (12th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने : ७०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ४७७/०६०/०६१

**Jupiter Overseas Concern Pvt. Ltd.**

Sinamangal-9, Kathmandu, Nepal. Tel : +977-1-4562605,4564178 Fax : +977-1-4462594

E-mail:info@jupiteremployment.com Web:www.jupiteremployment.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : STAY WONDERFUL SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/१६ LT. No. 270699 चलानी नं. ६०१८६८६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Washing And Cleaning | 100 | 0 | 1500 | ४२,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २७ गते (12th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**DOTI OVERSEAS PVT. LTD.** Govt. License 1294/074/075

Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel :9851062705

E-mail : sec.dotioverseas@gmail.com, website:www.dotioverseas.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NEW LINE STEEL ENGINEERING

पूर्व स्वीकृति मिति २०७९/०५/१९ LT. No.271230 चलानी नं. ६०१८६८६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Weldor | 2 | 0 | 1200 | ४२,०५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 1 | 0 | 1000 | ३५,०४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २७ गते (12th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. ११७७/०७३/०७४

Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448

Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MASI SRL

पूर्व स्वीकृति मिति : २०७८/०९/१८ पुन विज्ञापन स्वीकृति मिति: २०७९/०५/१९ LT. No. 249009 चलानी नं. ६०१६५६६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner / Helper | 9 | 0 | 550 | ७०,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Worker | 4 | 0 | 550 | ७०,१७५ | | | | | | | |
| 3 | Cook Helper | 6 | 0 | 550 | ७०,१७५ | | | | | | | |
| 4 | General Worker | 11 | 0 | 550 | ७०,१७५ | | | | | | | |
| 6 | Waiter (General) | 3 | 0 | 550 | ७०,१७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २७ गते (12th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ALPHA SIGMA OVERSEAS PVT. LTD.**

श्रम ईजाजत नं. ५१६/०६१/०६२

P.O.Box : 10443, Sinamangal-09, Kathmandu, Nepal

Tel : +977-1-4561946, 4561827 Fax : +997-1-4465976

E-mail : alphasigmanepal@gmail.com, alphanepal@wlink.com.np,Website : www.lmperial.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL KHEBRA ON DEMAND LABORS SUPPLY

पूर्व स्वीकृति मिति : २०७८/०८/०७ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०५/१९ LT. No. 251585 चलानी नं. ६०१६८४४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 85 | 6 | 1000 | ३४,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २७ गते (12th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**

**(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)**

श्रम ईजाजत नं. ९५४/०६७/६८

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## नेपालगञ्ज सौर्य विद्युत आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७९/०५/२०)

लुम्बिनी प्रदेश अन्तर्गत बाँके जिल्लाको नेपालजञ्ज उपमहानगरपालिका-१८ मा हाइभ नेपाल प्राइभेट लिमिटेड, लालदरबार, काठमाण्डौं द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | हाइभ नेपाल प्राइभेट लिमिटेड, लालदरबार, काठमाण्डौं नेपाल फोन नं.०१-४२२१२०२, ई-मेल: bimalsharma72@gmail.com |
| प्रस्तावको व्यहोरा | नेपालगञ्ज सौर्य विद्युत प्लान्ट निर्माण प्रस्तावित क्षमता: २५ मेगावाट |
| प्रभाव पर्ने सक्ने जिल्ला/न.पा/गाँ.पा. | बाँके जिल्ला, नेपालजञ्ज उपमहानगरपालिका वडा नं.१८ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाब लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाब उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझाबको लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | हाइभ नेपाल प्राइभेट लिमिटेड, लालदरबार, काठमाण्डौं नेपाल फोन नं.०१-४२२१२०२, ई-मेल: bimalsharma72@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | एस.डि. इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि., बागमती प्रदेश, काठमाडौं-१६, बालाजु सम्पर्क न: ९८५१०१६६५०, ई-मेल: sdengg2008@gmail.com |



## पहलमानपुर सौर्य विद्युत आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७९/०५/२०)

सुदुरपश्चिम प्रदेश अन्तर्गत कैलाली जिल्लाको घोडाघोडी नगरपालिका-११ मा हाइभ नेपाल प्राईभेट लिमिटेड, लालदरबार, काठमाडौँद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | हाइभ नेपाल प्राईभेट लिमिटेड, ठेगाना: लालदरबार, काठमाडौं नेपाल फोन न: ०१-४२२१२०२, ई-मेल: bimalsharma72@gmail.com |
| प्रस्तावको व्यहोरा | पहलमानपुर सौर्य विद्युत आयोजना प्रस्तावित क्षमता: ३० मेगावाट |
| प्रभाव पर्ने सक्ने जिल्ला/न.पा/गाँ.पा. | कैलाली जिल्ला, घोडाघोडी नगरपालिका-वडा नं. ११ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षत्रको प्राकृतिक भौतिक प्रणाली, जौविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाब उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझाबको लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना: | हाइभ नेपाल प्राइभेट लिमिटेड, लालदरबार, काठमाण्डौं फोन नं.: ०१-४२२१२०२ , ई-मेल: bimalsharma72@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | एस.डि. इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि., बागमती प्रदेश, काठमाडौं-१६, बालाजु सम्पर्क न: ९८५१०१६६५०, ई-मेल: sdengg2008@gmail.com |



## कोहलपुर सौर्य विद्युत आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७९/०५/२०)

लुम्बिनी प्रदेश अन्तर्गत बाँके जिल्लाको बैजनाथ गाँउपालिकामा हाइभ नेपाल प्राइभेट लिमिटेड, लालदरबार, काठमाण्डौं द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | हाइभ नेपाल प्राइभेट लिमिटेड, लालदरबार, काठमाण्डौं नेपाल फोन नं.:०१-४२२१२०२, ई-मेल: bimalsharma72@gmail.com |
| प्रस्तावको व्यहोरा | कोहलपुर सौर्य विद्युत प्लान्ट निर्माण प्रस्तावित जडान क्षमता: ४० मेगावाट |
| प्रभाव पर्ने सक्ने जिल्ला/न.पा/गाँ.पा. | बाँके जिल्ला, बैजनाथ गाँउपालिका वडा नं. ३ र ५ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाँ.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाब लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाब उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझाबको लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना: | हाइभ नेपाल प्राइभेट लिमिटेड, लालदरबार, काठमाण्डौं नेपाल फोन नं.०१-४२२१२०२, ई-मेल: bimalsharma72@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | एस.डि. इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि., बागमती प्रदेश, काठमाडौं-१६, बालाजु सम्पर्क न: ९८५१०१६६५०, ई-मेल: sdengg2008@gmail.com |



## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: ISAM KABBANI AND PARTNERS CO.

पूर्व स्वीकृति मिति: २०७९/०५/०९ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/१९ LT. No.270260 चलानी नं. ६०१८६११३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Builder | 2 | 0 | 1400 | ४७,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Plumber | 45 | 0 | 1400 | ४७,५२० | | | | | | | |
| 3 | Ordinary Worker | 19 | 0 | 1300 | ४४,१२५ | | | | | | | |
| 4 | Painter | 5 | 0 | 1500 | ५०,९१५ | | | | | | | |
| 5 | Public Building | 8 | 0 | 1500 | ५०,९१५ | | | | | | | |
| 6 | Scaffolding Erector | 10 | 0 | 1600 | ५४,३०५ | | | | | | | |
| 7 | Welding General | 9 | 0 | 1500 | ५०,९१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २७ गते (12th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Global Sourcing Group Pvt.Ltd (Trans Asia Manpower Pvt.Ltd)**

Lic No. 1159/074/074

Milijuli Marg, Maharajgunj/ Chakrapath-3, Kathmandu, Nepal

Tel : 01-4016163, 01-4016164, Email : info@gsgroup.com.np, www.gsgroup.com.np

# सूचना ! सूचना !! सूचना !!!

**प्रकाशित मिति : २०७९/०५/२० गते**

उपरोक्त सम्बन्धमा यस **केमिड्रग ईण्डष्ट्रिज प्रा.लि.** बाट उत्पादित निम्न अनुसारका औषधीहरूको आ.व.७९/८० को लागि बजार दररेट तथा बिक्री मूल्य निर्धारण गरी यो दररेट राष्ट्रियस्तरको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । यदि उक्त औषधीहरू कुनै संघसंस्था वा नेपाल सरकारअन्तर्गतका कार्यालयहरूले खरिद गर्नुपरेमा यस उद्योगको आधिकारिक बिक्रेता **श्री बंगलामुखी मेडिसिन सप्लायर्स प्रा.लि.**बाट खरिद गर्न सक्नुहुनेछ भनी यो सूचना प्रकाशित गरिएको छ ।

| S N. | Particulars | Forms | Strength | Unit | T-Unit | Pack | MRP | Sales Rate |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Adrenaline (as hydrochloride or acid tartrate) | Injection | 1:1000m | Ampul | 5 | 1x5amp | 119.20 | 130.04 |
| 2 | Allopurinol | Tablet | 100 mg | Tab. | 100 | 10x10 | 600.00 | 654.54 |
| 3 | Allopurinol | Tablet | 300mg | Tab. | 100 | 10x10 | 1,300.00 | 1,418.17 |
| 4 | Aminophylline | Injection | 25mg/ml | Ampul | 5 | 1x5amp | 100.00 | 109.09 |
| 5 | Amitriptyline (hydrochloride) | Tablet | 10 mg, | Tab. | 200 | 10x20 | 500.00 | 545.45 |
| 6 | Amitriptyline (hydrochloride) | Tablet | 25 mg | Tab. | 200 | 10x20 | 700.00 | 763.63 |
| 7 | Amlodipine | Tablet | 5mg | Tab. | 100 | 10x10 | 500.00 | 545.45 |
| 8 | Amoxycillin | Tablet (DT) | 250 mg | Tab. | 100 | 10x10 | 392.00 | 427.63 |
| 9 | Amoxycillin | Capsule | 500mg | Cap. | 200 | 10x20 | 1,600.00 | 1,745.44 |
| 10 | Amoxycillin | Syrup | 125mg /5ml | Phyl | 1 | 1 | 125.00 | 136.36 |
| 11 | Aspirin | Tablet | 50/75 mg | Tab. | 250 | 10x25 | 250.00 | 272.73 |
| 12 | Atenolol | Tablet | 50mg | Tab. | 100 | 10x10 | 500.00 | 545.45 |
| 13 | Atorvastatin (as calcium trihydrate) | Tablet | 10mg | Tab. | 100 | 10x10 | 1,000.00 | 1,090.90 |
| 14 | Atropine (as sulphate) | Injection | 0.6mg/ml | Ampul | 5 | 1x5amp | 50.00 | 54.55 |
| 15 | Azithromycin | Tablet | 250 mg | Tab. | 30 | 6x5 | 525.00 | 572.72 |
| 16 | Azithromycin | Tablet | 500 mg | Tab. | 60 | 3x20 | 1,800.00 | 1,963.62 |
| 17 | Ceftriaxone | Injection | 1g/vial | Vial | 1 | 1 | 90.00 | 98.18 |
| 18 | Cetirizine (Hydrochloride) | Tablet | 10mg | Tab. | 250 | 25x10 | 750.00 | 818.18 |
| 19 | Cetirizine (Hydrochloride) | Susp 30ml | 5mg/5ml | Phyl | 1 | 1 | 40.00 | 43.64 |
| 20 | Charcol Activated | Powder | 10gm/sachet | Pkt | 1 | 1 | 50.00 | 54.55 |
| 21 | Chlorpromazine (as hydrochloride) | Tablet | 100mg | Tab. | 100 | 10x10 | 400.00 | 436.36 |
| 22 | Ciprofloxacin (as hydrochloride) | Tablet | 500mg | Tab. | 100 | 10x10 | 800.00 | 872.72 |
| 23 | Ciprofloxacin (as hydrochloride) | Eye/Ear Drop | 0.3% w/v 5ml | Phyl | 1 | 1 | 30.00 | 32.73 |
| 24 | Ciprofloxacin (as hydrochloride) | Infusion | 200mg/ 100ml | Vial | 1 | 1 | 88.00 | 96.00 |
| 25 | Clotrimazole | Skin Cream 25g | 1% w/w | Tube | 1 | 1 | 70.00 | 76.36 |
| 26 | Clotrimazole | Pessary Tab | 100mg | Tab. | 60 | 10x6 | 450.00 | 490.91 |
| 27 | Cloxacillin | Tablet/Caps | 250 mg | Tab. | 100 | 10x10 | 500.00 | 545.45 |
| 28 | Cloxacillin | Tablet/Caps | 500mg | Tab. | 100 | 10x10 | 1,200.00 | 1,309.08 |
| 29 | Cloxacillin | Syrup | 125mg /5ml | Phyl | 1 | 1 | 130.00 | 141.82 |
| 30 | Compound Solution of Sodium Lactate | Infusion | RL, 500ml | Bottle | 1 | 1 | 55.00 | 60.00 |
| 31 | Dexamethasone (as Sodium Phosphate) | Injection 2ml | 4mg/ml | Vial | 10 | 1x10vail | 200.00 | 218.18 |
| 32 | Dextrose Solution | Infusion | 5% w/ v 500ml | Bottle | 1 | 1 | 45.00 | 49.09 |
| 33 | Diazepam | Tablet | 5mg | Tab. | 50 | 10x50 | 250.00 | 272.73 |
| 34 | Diazepam | Injection | 5mg/ml, 2ml | Ampul | 1 | 1x5amp | 35.00 | 38.18 |
| 35 | Diclofenac (Sodium) | Injection 3ml | 25mg/ml | Ampul | 1 | 1 | 7.77 | 8.48 |
| 36 | Digoxin | Tablet | 0.25mg | Tab. | 100 | 10x10 | 1,200.00 | 1,309.08 |
| 37 | Doxycycline hydrochloride | Capsule | 100mg | Cap. | 100 | 10x10 | 400.00 | 436.36 |
| 38 | Enalapril | Tablet | 2.5mg | Tab. | 100 | 10x10 | 230.00 | 250.91 |
| 39 | Enalapril | Tablet | 5mg | Tab. | 100 | 10x10 | 400.00 | 436.36 |
| 40 | Ferrous Sulphate+Folic Acid | Tablet | 60mg elemental Iron+400mcg Folic Acid | Tab. | 500 | 10x50 | 750.00 | 818.18 |
| 41 | Fluconazole | Tablet | 150mg | Tab. | 80 | 4x20 | 1,920.00 | 2,094.53 |
| 42 | Fluxetine (as hydrochloride) | Capsule | 10mg, 20mg | Cap. | 200 | 10x20 | 3,000.00 | 3,272.70 |
| 43 | Folic Acid | Tablet | 5mg | Tab. | 250 | 25x10 | 500.00 | 545.45 |
| 44 | Frusemide | Tablet | 40mg | Tab. | 100 | 10x10 | 100.00 | 109.09 |
| 45 | Frusemide | Injection | 10mg/ml, 2ml | Ampul | 5 | 1x5amp | 75.00 | 81.82 |
| 46 | Gentamycin Sulphate | Injection | 40mg/ml in 2ml | Vial | 5 | 1x5amp | 135.00 | 147.27 |
| 47 | Gentian Violet | 1% Solution | 10ml | Phyl | 1 | 1 | 20.00 | 21.82 |
| 48 | Glimperide | Tablet | 2mg | Tab. | 100 | 10x10 | 860.00 | 938.17 |
| 49 | Hydrochlorothiazide | Tablet | 12.5mg | Tab. | 100 | 10x20 | 600.00 | 654.54 |
| 50 | Hydrochlorothiazide | Tablet | 25mg | Tab. | 100 | 10x10 | 750.00 | 818.18 |
| 51 | Hydrocortisone | Powder for Injection | 100mg/vial with WFI | Vial | 1 | 1 | 125.00 | 136.36 |
| 52 | Hyoscine Butylbromide | Tablet | 10 mg | Tab. | 100 | 10x10 | 1,700.00 | 1,854.53 |
| 53 | Hyoscine Butylbromide | Tablet | 20mg | Tab. | 100 | 10x10 | 2,400.00 | 2,618.16 |
| 54 | Hyoscine Butylbromide | Injection | 20mg/ml | Ampul | 5 | 1x5amp | 165.00 | 180.00 |
| 55 | Ibuprofen | Tablet | 400 mg | Tab. | 250 | 10x25 | 500.00 | 545.45 |
| 56 | Levothyroxin | Tablet | 25mcg | Tab. | 28 | 1x28 | 56.00 | 61.09 |
| 57 | Levothyroxin | Tablet | 50mcg | Tab. | 28 | 1x28 | 359.24 | 391.89 |
| 58 | Lignocaine (Hydrochloride) | Injection 30ml | 1% with Adrenaline, 2% Plain w/v | Vial | 5 | 1x5amp | 287.80 | 313.96 |
| 59 | Metformin | Tablet | 500 mg | Tab. | 250 | 10x25 | 500.00 | 545.45 |
| 60 | Metoclorpropamide | Injection 2ml | 5mg/ml | Ampul | 1 | 1x10amp | 35.00 | 38.18 |
| 61 | Metronidazole | Infusion | 500mg/ 100ml | Phyl | 1 | 1 | 37.00 | 40.36 |
| 62 | Metronidazole | Tablet | 400mg | Tab. | 250 | 10x25 | 1,125.00 | 1,227.26 |
| 63 | Metronidazole | Susp | 200mg/5ml, 60ml | Phyl | 1 | 1 | 39.00 | 42.55 |
| 64 | Oral Rehydration Solution (ORS) | Powder | WHO Formula-Sachet/Ltr. | Pkt | 1 | 1 | 10.00 | 10.91 |
| 65 | Oxymetazoline | Nasal Drop | 0.05%, 5ml | Phyl | 1 | 1 | 120.00 | 130.91 |
| 66 | Oxytoxin | Injection | 5iu, 1ml | Ampul | 10 | 1x10amp | 300.00 | 327.27 |
| 67 | Paracetamol | Tablet | 500mg | Tab. | 500 | 10x50 | 500.00 | 545.45 |
| 68 | Permithrin Lotion | Cream, 30gm | 5% w/w | Tube | 1 | 1 | 70.00 | 76.36 |
| 69 | Pheniramine | Injection 2ml | 22.75mg/ml | Ampul | 5 | 1x5amp | 125.00 | 136.36 |
| 70 | Phenobarbitone | Tablet | 30mg | Tab. | 1200 | 40x30 | 3,600.00 | 3,927.24 |
| 71 | Povidone Iodine | Liquid | 5% w/v, 500ml | Bottle | 1 | 1 | 250.00 | 272.73 |
| 72 | Pralidoxim Sodium (mesilate, chloride or Iodine) | Injection, 2ml | 500mg | Ampul | 5 | 1x5amp | 1,000.00 | 1,090.90 |
| 73 | Prednisolone | Tablet | 5 mg | Tab. | 500 | 10x50 | 1,500.00 | 1,636.35 |
| 74 | Prednisolone | Tablet | 10mg | Tab. | 500 | 10x50 | 2,500.00 | 2,727.25 |
| 75 | Promethazine Hydrochloride | Tablet | 25mg | Tab. | 100 | 10x10 | 300.00 | 327.27 |
| 76 | Ranitidine (as hydrochloride) | Tablet | 150mg | Tab. | 100 | 10x10 | 200.00 | 218.18 |
| 77 | Ranitidine (as hydrochloride) | Injection | 25mg/ml, 2ml | Ampul | 10 | 1x10amp | 100.00 | 109.09 |
| 78 | Resperidone | Tablet | 1mg | Tab. | 100 | 10x10 | 450.00 | 490.91 |
| 79 | Resperidone | Tablet | 2mg | Tab. | 100 | 10x10 | 700.00 | 763.63 |
| 80 | Salbutamol | Tablet | 4mg | Tab. | 200 | 10X20 | 200.00 | 218.18 |
| 81 | Silver Sulphadiazine | Cream, 25g | 0.2% w/w | Tube | 1 | 1 | 75.00 | 81.82 |
| 82 | Sodium Chloride | Infusion | 0.9%, 500ml | Bottle | 1 | 1 | 45.00 | 49.09 |
| 83 | Thaimine | Tablet | 100mg | Tab. | 100 | 10x10 | 1,000.00 | 1,090.90 |
| 84 | Tinidazole | Tablet | 500mg | Tab. | 100 | 10X10 | 500.00 | 545.45 |
| 85 | Trihexyphenidyl (as hydrochloride) | Tablet | 2mg | Tab. | 100 | 10x10 | 1,100.00 | 1,199.99 |
| 86 | Valproic Acid (as sodium salt) | Tablet | 200 mg | Tab. | 300 | 15x20 | 2,250.00 | 2,454.53 |
| 87 | Valproic Acid (as sodium salt) | Tablet | 300 mg | Tab. | 300 | 15x20 | 3,300.00 | 3,599.97 |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# बालेनका आशालाग्दा १०० दिन

**काठमाडौं महानगरपालिकामा प्रमुखका रूपमा निर्वाचित भएका बालेन्द्र (बालेन) शाहले कार्यभार सम्हालेको १०० दिन पूरा भएको छ । १६ जेठमा कार्यभार सम्हालेका बालेनको कार्यअवधिको पहिलो १०० दिनमा उनी आलोचना र चर्चा दुवैमा रहे । मूलतः उनले आशालाग्दा काम गरेका छन् । आशा जगाएका छन् ।**

**फुटपाथमा मकै बेच्नेलाई 'लछारपछार' पारेका कारण आलोचना खेपेका प्रमुख शाहले पार्किङका लागि भन्दै बनाइएका संरचना अन्य प्रयोजनका लागि प्रयोग गरेको पाइएपछि 'डोजर' चलाउँदा उनको तारिफ भइरहेको छ । फुटपाथमा बनेका अवैध संरचनालाई उनले हटाउन थालेका छन् । अवैध संरचनामाथिको बालेनको 'एक्सन' निरन्तर चलिरहेको छ । उनको कामको नतिजा पनि देखिन थालेको छ । काठमाडौं फनपार्कले महानगरको चेतावनीपछि २४ घण्टाभित्रै बुझाएको १७ लाख राजस्वमात्रै होइन, काठमाडौं जिल्ला अदालतअघिबाट हटेको सडक पार्किङलाई पनि लिन सकिन्छ ।**

**अर्कोतर्फ यो बीचमा उनले लामो समय काठमाडौंको फोहोर व्यवस्थापन गर्न नसक्दा आलोचनाको तारो बने । किनकि, उनको प्रमुख चुनावी मुद्दामध्ये फोहोर व्यवस्थापन एक थियो । तर, लामो समय फोहोर उठ्न सकेन । कहिले सिसडोलवासीको आन्दोलनका कारण त कहिले सडकको अवस्थाका कारण फोहोर व्यवस्थापन हुन सकेको थिएन । यद्यपि, पछिल्लो समय यो समस्या समाधान भएको छ ।**

**महानगरभित्र लामो समयदेखि समस्याका रूपमा रहेको सार्वजनिक शौचालयको समस्यालाई पनि बालेनले कार्यभार सम्हालेको केही समयभित्रै समाधानका लागि पहल गरेका थिए । उक्त समस्याको समाधानका लागि बालेनले अपनाएको फरक र नयाँ शैलीलाई निजी क्षेत्रले साथ दिए । सार्वजनिक शौचालयका लागि बालेनले विभिन्न रेस्टुरेण्ट, होटल, बैंकजस्ता निजी व्यावसायिक क्षेत्रसँग सहकार्य गरेका थिए । महानगरभित्र व्याप्त समस्या समाधानका लागि निजी क्षेत्रले पनि उत्साहजनक रूपमा साथ दिए । पछि काठमाडौंको सिको गरेर अन्य केही महानगर र उपहानगरले यो शैली अपनाएका छन् ।**

**महानगर प्रमुखको कार्यभार सम्हालेको १०० दिनलाई सम्झँदै आइतबार बालेनले आफ्नो कामको मूल्यांकन जनताले गर्ने उल्लेख गरेका छन् । 'हामीले आफ्नो कार्यक्षेत्र, कर्तव्य र अधिकारले दिनेसम्म सचेत रहेर काम गर्‍यौं । त्यसले आममानिसमा कस्तो सन्देश दियो भन्ने कुराले हामीलाई फरक पार्छ', प्रमुख शाहको भनाइ छ । मानिसहरूमा सकारात्मक ऊर्जा प्राप्त भयो र उनीहरूले परिवर्तनको महसुस गरेमात्र आफ्नो कामले नतिजा दिएको ठहरिने उनले बताएका छन् ।**

**उनले १०० दिन पुगेको सन्दर्भमा आफूलाई मनमा छोएका विषयहरू सम्झिएका छन् । जसमा फुटपाथबाट मकैको ठेला हटाएको, ई–स्पोर्टसका लागि लागि एक करोड विनियोजन गरेको, यमबुद्धको सालिक निर्माणका लागि बजेट छुटचाएको, मद्यपान र मुकुट परिवर्तन, फोहोर व्यवस्थापनमा ढिलाइ, नर्भिक अस्पतालको संरचना हटाउनेलगायत सन्दर्भलाई उनले उल्लेख गरेका छन् ।**

**प्रमुख शाहले आफू १०० दिने दौडमा नभई पाँच वर्षे योजनाका साथ अघि बढेकोसमेत प्रस्ट पारेका छन् । 'हामी १०० दिनको दौडमा छैनौं । हामीसँग पाँच वर्षका लागि योजना छन् । हामी अझै केही समय गाली र आलोचनामात्रै सहन तयार छौं तर हतार गरेर महानगरका समस्याहरूको दिगो समाधान र व्यवस्थापनको बाटोबाट अन्यत्र मोडिन तयार छैनौं', उनले भनेका छन्, 'विश्वास छ, हामीप्रति रहेको विश्वास र समर्थनलाई हामी निराश बनाउने छैनौं ।' केही आलोचना र विवादका बीचमा बालेनका १०० दिन आशालाग्दा नै देखिएका छन् । उनले यही गतिलाई मात्रै कायम राखे भने आउँदो पाँच वर्षभित्र काठमाडौंमा पक्कै परिवर्तन देखिनेछ । उनी कुनै पनि दबाब र प्रभावमा नपरेर काठमाडौंवासीको हितमा, काठमाडौंलाई सुन्दर बनाउने महाअभियानमा निरन्तर लागिरहुन्, बालेनलाई हार्दिक शुभकामना ।**

## मननयोग्य

### विदुर नीति

**धृतराष्ट्र भन्दछन् :**
सञ्जयो विदर प्राज्ञो गहयित्वा च
मां गतः । अजातशत्रोः श्वो वाक्यं
सभामध्ये स वक्ष्यति ॥
हे विदुर ! सञ्जयले मलाई भेट गरेर गएका छन् । उनले मेरो निन्दा पनि रे । भोलि हुने राजसभा (इजलास) मा अजातशत्रु युधिष्ठिरको तर्फबाट केही कुराहरू सुनाउनेछन् र मसँग विवाद गर्नेछन् ।
तस्याद्य कुरुवीरस्य न विज्ञातं बचो मया ॥
तन्मे दहति गात्राणि तदकार्षित् प्रजागरम् ॥१०॥
यधिष्ठिरको भनाइ के छ त्यो मलाई थाहा छैन, तैपनि पालिरहेको निद्रा पनि लाग्दैन ।
जाग्रतो दयमानस्य श्रेयो यदनुपश्यसि ॥
तद् ब्रुहि-त्वं हि न-स्तांत
धर्मार्थकुशलो ह्यसि ॥११॥
हे तात ! हे बाबू ! चिन्तैचिन्तामा डुबेर म यतिबेलासम्म पनि निदाउन सकिरहेको छैन । मेरा लागि जे कुराले कल्याण गर्छ सो कुरा भनिदेऊ । किन कि हामीहरूमध्ये सबैभन्दा तिमीले नै धर्म र अर्थबारे भलीभाँती जानकारी राखेका छौ ।
यतः प्राप्तः सञ्जयः पाण्डवेभ्यो न में
यथावन्मनसः प्रशान्तिः॥
सर्वेन्द्रियाण्यप्रकृतिं गतानि किं
वक्ष्यतीत्येवमेध प्रचिन्ताः ॥१२॥
म पाण्डवहरूसँग भेट गरेर फर्किएपछि सञ्जयले मसँग केही कुरा गरेर गए। त्यसैबेलादेखि नै मेरो मन अशान्त छ । चिन्ताको कारण मेरा सबै इन्द्रिय विकल हुनपुगेका छन्, म किंकिर्तव्यविमूढ भईसकेको छ । उनले भोलि हुने राजसभामा के भन्ने हुन् यसै कुराको मेरो मनमा भारी सुर्ता पैदा भएको छ ।
**विदुर भन्दछन् :**
अभियुक्तं बलवता दुर्वल हीनसाधनम् ॥
हतस्च्वं कामिनं चौरमाविशन्ति
प्रजागरा ॥१३॥
हे राजन ! बलियासँग विरोध भएको व्यक्तिलाई, निर्बल र साधनहीन मानिसलाई, धन हरण गरिएको व्यक्तिलाई, कामवासना जागृन भएको कामीलाई र चोरलाई पनि निद्रा लाग्दैन । **क्रमश :**



▶▶ डा. केशव देवकोटा

# दूरदृष्टिविनाको मिडिया काउन्सिल विधेयक

नेपाली कांग्रेस र माओवादी केन्द्रसहितको वर्तमान सरकारले आगामी मंसिर ४ गतेका लागि निर्वाचनको मिति घोषणा गरेर आफूलाई कामचलाउ बनाइसकेको छ । निर्वाचन घोषणा गरिसकेपछि सरकारको हैसियत कामचलाउ नै हुन्छ । तर, आफैंले निर्वाचन घोषणा गरिसकेको अवस्थामा मुलुकलाई दीर्घकालीनरूपमा असर गर्ने ऐन कानुन बनाउन र विभिन्न निर्णयहरू गर्न वर्तमान सरकार सक्रिय देखिएको छ । यसले जनमानस र राजनीतिक क्षेत्रमा राम्रो सन्देश दिइरहेको छैन । यो लोकतन्त्रको विश्वव्यापी मूल्य, मान्यता र आदर्शविपरीतको कुरा हो ।

सरकारमा बस्नेहरूले आफ्ना काम, कर्तव्य र अधिकारहरूलाई नजरअन्दाज गरे पनि अरूले त्यसमा ध्यान केन्द्रित गरिरहेका हुन्छन् । तर, सरकारमा रहेका दलहरूले त्यो कुराको हेक्का राखेको देखिँदैन । यसको फैसला आगामी चुनावमा नेपाली जनताले पक्कै गर्ने छन् । वर्तमान सरकारले चालेकामध्येको पछिल्लो कदम मिडिया काउन्सिल विधेयक संसद्बाट पारित गराउने कुरा रहेको छ । नेपालको संविधान २०७२ ले प्रस्तावनामै 'पूर्ण प्रेस स्वतन्त्रता' प्रत्याभूत गरेकाले जुनसुकै नाम दिएर प्रेससँग सम्बन्धित ऐन कानुन र संघसंगठनहरू बनाए पनि उपरोक्त कुरालाई उल्लंघन गर्न मिल्ने अवस्था छैन । त्यसैले प्रतिनिधिसभामा 'फास्ट ट्र्याक (द्रुतमार्ग)'बाट मिडिया काउन्सिल ऐन पारित गराउन तम्सिएकाहरूले सबैभन्दा पहिले संवैधानिक प्रावधानमाथि विचार गर्नुपर्दछ ।

संवैधानिक प्रावधान मिचेर ऐन बनाइयो भने त्यो अमान्य हुन्छ । त्यो आफैं निष्प्रभावी भएर जान्छ । जुन मिडिया काउन्सिल भनिएको छ, त्यो प्रेस, पाठक र सरकार तीनवटा पक्षलाई समन्वय गर्नुपर्ने निकाय हो । त्यसलाई प्रेससँगमात्र सम्बन्धित ठानियो भने गल्ती हुन्छ । त्यसैले मिडिया काउन्सिलमा तीनवटै पक्षको बराबरी उपस्थितिको व्यवस्था अनिवार्य छ । यो कुरालाई बेवास्ता गरेर असन्तुलित ढंगले गठन गर्ने प्रयास गरियो भने त्यो संस्था विवादित हुने र त्यसले लक्ष्यअनुसार काम गर्न नसक्ने निश्चित छ । जुन संस्था प्रेसको व्यावसायिक उन्नयनसँग पनि सम्बन्धित भएकाले यसको गठन गर्दा मेडिकल काउन्सिल र लयर्स काउन्सिलको गठन प्रक्रियालाई पनि ध्यान दिन आवश्यक छ । ती निकाय पनि नेपाल सरकारबाटै मान्यताप्राप्त हुन् । मिडिया काउन्सिलमा सञ्चारमाध्यमका प्रकाशक तथा सञ्चालकहरूको निर्वाचनबाट एकथरि, नेपाल सरकारबाट मनोनीत अर्कोथरि र संसद्मा रहेका प्रमुख दलहरूबाट मनोनीत अर्कोथरि गरेर तीनथरिको प्रतिनिधित्व हुनु आवश्यक छ । तीनै थरिको चयनका लागि आवश्यक कार्यविधिको व्यवस्था गरिनुपर्दछ ।

मिडिया काउन्सिलको अध्यक्ष न्याय क्षेत्रको नभएर सञ्चारविज्ञ हुनु जरुरी छ । सञ्चारविज्ञले मात्र प्रेस, पाठक र सरकारका चासोहरूलाई सन्तुलन गर्न/गराउन सक्दछ । अध्यक्षको छनोट गर्दा संवैधानिक निकायका प्रमुखहरूको छनोट प्रणालीलाई नै अवलम्बन गरिनु आवश्यक छ । जसको संसदीय सुनुवाइसमेत हुनुपर्दछ । मिडिया काउन्सिलको अध्यक्ष कुनै पनि विषयमा विद्यावारिधि गरी कम्तीमा १० वर्ष निरन्तर मिडियामा काम गरेको अथवा कुनै पनि विषयमा स्नातकोत्तर गरी मिडियामा निरन्तर २० वर्ष काम गरेको हुनुपर्दछ । जसमा पत्रकारिता विषय अध्ययन गरेकालाई प्राथमिकता दिनु राम्रो हुन्छ । कतिपयले प्रेस इञ्जिनियरिङ हो र ? पनि भन्ने गरेका छन्, आफैं अभियोग खडा गर्ने र कारबाही गर्ने अधिकार पाएको छैन । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कसैमाथि कारबाही गर्नुपर्‍यो भने विशेष अदालतमा मुद्दा दायर गर्नुपर्दछ । नेपालमा मिडिया काउन्सिललाई अदालत र अख्तियारभन्दा पनि शक्तिशाली एवं निरंकुश निकाय बनाउन खोजिएको हो भने त्यो अर्कै कुरा हो । अन्यथा सरोकारवालाबाहेक अरूले दिएको उजुरी नलाग्ने र कुनै पनि अभियोगमा प्रमुख जिल्ला अधिकारी र अदालतले मात्र कारबाही गर्नसक्ने व्यवस्था गरिनुपर्दछ । यसमा विचारणीय कुरा के छ भने 'चुत्थो अंग' बनाए जे पनि हुनसक्छ ।

यतिबेला नेपालमा व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकालाई अस्तव्यस्त बनाउन विभिन्न साजिसहरू भइरहेका छन् भने राज्यको चौथो अंग प्रेसलाई कोही कसैले अस्तव्यस्त बनाउन खोज्नु कुनै आश्चर्यको विषय रहेन । प्रेस बन्दुक, खुकुरी र गोला बारुदभन्दा पनि खतरनाक हतियार हो । जसका माध्यमबाट संसारमा ठूलठूला घटना र परिघटनाहरू भएका छन् । धेरैको सत्ता गएको छ । त्यसैले राज्यले यसको परिचालन पनि बढो सावधानीपूर्वक गर्न सक्नुपर्दछ । क्षणिक



> सरकारले मिडिया काउन्सिललाई 'आफैं बोक्सी, आफैं धामी' बनाउन खोजेको देखिएको छ । मिडिया काउन्सिलले आफैं कुनै मिडिया र पत्रकारका बारेमा अभियोग पनि खडा गर्नसक्ने र हदैसम्मको कारबाही पनि गर्नसक्ने बनाउन खोजिएको देखिन्छ । त्यो हाल नेपालमा लागू गराइएको लोकतन्त्रको ठूलो उपहास गर्ने/गराउने काम हो । सर्वोच्च अदालतलेसमेत आफैं अभियोग खडा गर्ने र कारबाही गर्ने अधिकार पाएको छैन ।

यो इञ्जिनियरिङसमेत भएको बहुमुखी क्षेत्र हो । त्यसैले पत्रकारिता र प्रेस व्यवस्थापनका बारेमा अलग्गै पाठ्यक्रमको निर्माण र अध्ययन तथा अध्यापन भएको हो ।

हाल सरकारले प्रेसलाई नियन्त्रण गर्ने उद्देश्यले मिडिया काउन्सिल बनाउन लागेका कारण उसले पूर्वन्यायाधीशको परिकल्पना गरेको हुनसक्छ । अन्यथा कानुनविद् अध्यक्ष हुनुपर्ने कुनै पनि कारण छैन । तर, मिडिया काउन्सिल आफैंमा कुनै कारबाही गर्ने अथवा प्रेसलाई नियन्त्रण गर्ने निकाय होइन, समन्वय र परिचालन गर्ने निकाय हो । त्यसैगरी विश्वभरको अन्तर्राष्ट्रिय मान्यता के रहेको छ भने प्रेसले आफ्नो आचारसंहिता आफैं बनाएर लागू गर्नुपर्दछ । यस अर्थमा पत्रकार आचारसंहिताको तर्जुमा गर्ने काम पत्रकारहरूको प्रतिनिधिमूलक संस्था नेपाल पत्रकार महासंघको हो । जसका लागि उसले पत्रकार र पत्रकारसम्बद्ध अन्य संघसंस्थाबाट सुझाव लिनसक्दछ ।

सरकारले मिडिया काउन्सिललाई 'आफैं बोक्सी, आफैं धामी' बनाउन खोजेको देखिएको छ । मिडिया काउन्सिलले आफैं कुनै मिडिया र पत्रकारका बारेमा अभियोग पनि खडा गर्नसक्ने र हदैसम्मको कारबाही पनि गर्नसक्ने बनाउन खोजिएको देखिन्छ । त्यो हाल नेपालमा लागू गराइएको लोकतन्त्रको ठूलो उपहास गर्ने/गराउने काम हो । सर्वोच्च अदालतलेसमेत कुनै पनि दुर्घटना भयो भने दुर्घटना गराउनेले सर्वप्रथम उपचार गराउनुपर्दछ । त्यसपछि मात्र क्षतिपूर्ति र अन्य थुनछेकका कुराहरू आउँदछन् ।

प्रेस जगतमा कुनै दुर्घटना भएर कसैका गलत कुराहरू प्रकाशन वा प्रशारण भए भने त्यसको उपचार भनेको खण्डन र क्षमायाचना हो । त्यसैगरी पीडित पक्षको भनाइ सार्वजनिक गर्नु हो । मिडिया काउन्सिलले आफूकहाँ उजुरी परेको खण्डमा सञ्चार संस्थालाई खण्डनका लागि आग्रह गर्न र पीडित/पीडकलाई बोलाएर छलफल तथा मेलमिलाप गराउन सक्दछ । सञ्चारमाध्यमलाई ध्यानाकर्षण गराउन सक्दछ । होइन मिडिया काउन्सिललाई सरकारको तर्फबाट पत्रकार तह लगाउने संस्था बनाउने हो भने यसलाई स्वतन्त्र र स्वायत्त निकाय नभनौं ।

प्रतिनिधिसभाको भदौ १७ गतेको बैठकमा बोल्दा एक जना बुज्रुकले प्रेस राज्यको चौथो अंग नै होइन भनेको पनि सुनियो । प्रेसलाई राज्यको व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकापछिको चौथो अंग मान्ने विश्वव्यापी प्रचलन र मान्यता रहेको छ । यो एक प्रकारको अन्तर्राष्ट्रिय मान्यता नै हो । जसलाई नेपालको संसद्ले मात्र विस्थापित गर्न सक्दैन । राज्यको चौथो अंगलाई अन्य अंगहरूले सोहीअनुसारको व्यवहार गर्ने हो भने प्रेस पनि आफ्नो ठाउँमा आउँछ । जिम्मेवार हुनै पर्दछ । चौथो अंगलाई आवेग र निहीत स्वार्थका भरमा प्रेसका बारेमा कुनै पनि निर्णयहरू लिइनु गलत हुन्छ । प्रेस अन्तर्राष्ट्रिय चासोको क्षेत्र हो । नेपालमा नियन्त्रण गर्न खोजिएमा यहाँका समाचार र प्रसंगहरू अर्को देशको मिडियाबाट आउँछन् । प्रेसलाई कुनै पनि देशको राजनीतिक व्यवस्थाको मापक (ब्यारोमिटर) का रूपमा पनि लिने गरिन्छ । जुन देशको प्रेस जति स्वतन्त्र र जिम्मेवार हुन्छ, त्यो देशको राजनीतिक व्यवस्था पनि त्यति नै सफल भएको मानिन्छ ।

नेपालमा पञ्चायती व्यवस्था ढल्ने पूर्वसन्ध्यामा पनि विभिन्न ऐन कानुन र नीति नियम ल्याएर प्रेसलाई नियन्त्रण गर्न खोजिएको थियो । जसमा राज्यद्रोहका मुद्दा लगाउने र सञ्चारमाध्यम बन्द गराउनेसम्मका प्रावधानहरू थिए । पछि ०६३ को राजनीतिक परिवर्तनको पूर्वसन्ध्यामा पनि तिनै प्रावधानहरूलाई दोहोर्‍याउने प्रयास भएको थियो । हाल आएर फेरि उनै संकेतहरू देखिनु कोही कसैका लागि पनि सुखद् विषय होइन । मिडिया काउन्सिल विधेयकलाई पनि हालको सरकारले 'फास्ट ट्र्याक'बाट पारित गराउने जुन प्रयास गरिरहेको छ, त्यो उसका लागि आफूले आफ्नै खुट्टामा बञ्चरो हानेसरह सावित हुनेछ । वर्तमान सरकारका सञ्चालक र मिडिया विधेयक हतारमा पारित गराउन तम्सिएकाहरूले कमसे कम दूर दृष्टि राख्ने प्रयास गरून् ।

## पत्र–मञ्जुषा

# बालेनको सिको गरे परिवर्तन सम्भव

राजधानीभित्र बनेका अधिकांश घरहरू नक्साविपरीत छन् । दुई तलाको नक्सा पास गरेर पाँच तलाको ठडयाइएको छ । कर छली गर्नका लागि घरधनीहरूले नक्सा मिचेर घर बनाएका छन् । कतिपय घरहरूको त नक्सा पनि छैन । तैपनि काठमाडौं महानगरपालिकाका वडाध्यक्षहरूले जाँचबुझ र अनुगमन गर्नमा चासो देखाएका छैनन् । घरबहालमा ल्याउने अनि राज्यलाई कर पनि नतिर्ने । आफ्नो घरमा पसल थाप्छन् तर त्यसको पनि दर्ता छैन । काठमाडौं यस्तो ठाउँ हो जहाँ घरधनीले भनेजति बहाल पाउँछन् । सम्पूर्ण सेवासुविधा राजधानीमै केन्द्रित भएकाले बहालमा बस्नेले सजिलै घरधनीले भनेजति बहाल तिर्छन् ।

घरधनी मोटाइरहेका छन् भने राज्य चिल्लै छ । यहाँ दुईदेखि २० करोडसम्मका घरहरू निर्माण भएका छन् । एउटै घरमा यत्रो लगानी गरिएको छ । तर, लगानीबापत राज्यले कर पाउँदैन । लगानी र आम्दानीको राजस्व पाउनबाट राज्य वञ्चित छ । कर तिर्ने पर्‍यो भने घरधनीहरूको दाँतबाट पसिना छुट्छ । तर, बत्ती, पानी र फोहोरको व्यवस्थापन भने राज्यले गरिदिनुपरेको छ । महानगरपालिकाले घरबाट धमाधम कर असुली गर्नुपर्छ । घरहरूलाई पनि कम्पनीमा लगेर पञ्जीकरण गर्ने व्यवस्था मिलाउन ढिलो भइसकेको छ । महानगरपालिकाले कर्मचारी खटाएर घरको जाँच गर्नुपर्छ ।

यसो गर्दा राज्यको ढुकुटीमा राजस्व पनि जम्मा हुन्छ । बेरोजगारले रोजगार पाउछन् र घरधनीहरूको राजस्व छल्ने प्रचलनको पनि अन्त्य हुन्छ । यदि कुनै घरधनीले महानगरपालिकाको नियम कानुन मान्दैन भने त्यस्ता घरलाई सम्पन्नको प्रमाणपत्र दिनुहुँदैन । घर भाडामै लगाएर घरधनीले ५० हजारदेखि करोडसम्म बहाल उठाउँछन् । यसबाट राज्यले कति हिस्सा पाइरहेको छ ? घरधनीले जति पनि भाडा उठाउँछन् सबै उनीहरूकै खल्तीमा गइरहेको छ । राज्यका लागि थोपो पनि छुटयाइएको छैन । घरका हरेक कोठा, सटर भाडामा लगाए पनि वडालाई झूठो विवरण बुझाउँछन् । आफ्नो आफन्त बसेको छ, कोठा सबै खाली छ भनेर ढाँट्छन् ।

वडाबाट अनुगमन गर्न कर्मचारी कहिल्यै आउँदैनन् । राज्यलाई घाटा भए पनि वडाध्यक्षलाई के मतलब ! आफूले सेवासुविधा पाएपछि राज्यको बारेमा सोच्नै परेन । बेलाबखत वडाका कर्मचारी अनुगमनमा निस्किए पनि घरधनीले सजिलै उल्लु बनाएर पठाइदिन्छन् । १० हजार भाडा उठाउने घरधनीले एक हजारमा कोठा बहालमा लगाएको भनेर झूठ बोलिदिन्छन् । एक हजारको कर तिर्छन् बाँकी नौ हजारको राजस्व छल्छन् । काठमाडौं उपत्यका विकास प्राधिकरणले राजधानीको ९५ प्रतिशत घरहरू मापदण्डविपरीत भएको भनेर यसअघि तथ्यांक सार्वजनिक गरेको थियो । काठमाडौंका अधिकांश घरहरूको नक्सा पास नभएको प्राधिकरणको विवरणमा उल्लेख छ ।

सरकारी, गुठी, मठमन्दिर र बाटो मिचेर घरहरू बनाइएको प्राधिकरणको भनाइ छ । यी सबै घरहरू कानुनको दायरामा आउने भनिएको छ । तर, २०७४ सालमा स्थानीय तहको चुनाव भएसँगै सबै उल्टियो । प्राधिकरणले सार्वजनिक गरेको विवरणलाई जनप्रतिनिधिहरूले उल्टचाइदिए । मापदण्डविपरीत भनिएका घरहरूले धमाधम सम्पन्नताको प्रमाणपत्र पाए । आफ्नो नातेदार, कार्यकर्ता र आर्थिक लेनदेनको आडमा सरकारको मापदण्ड नटेरेका घरहरूलाई पनि सम्पन्नताको प्रमाणपत्र दिए । कानुनमा उल्लेख भएअनुसार घर निर्माण भएको एक वर्षभित्र सम्पन्नताको प्रमाणपत्र लिइसक्नुपर्छ । तर, दुई दशक कटिसकेका घरहरूलाई निवर्तमान मेयर विद्यासुन्दर शाक्य र उपमेयर हरिप्रभा खड्कीले भकाभक प्रमाणपत्र बाँडे ।

बैंक फाइनान्सले कर्जा दिने प्रमुख आधार भनेको सम्पन्नताको प्रमाणपत्र हो । यो प्रमाणपत्र धितो राखेर वित्तीय संस्थाले कर्जा दिन्छन् । उता, बिक्री गर्न पनि पाइयो । त्यसैले पनि पैसा खुवाएर राजधानीवासीले प्रमाणपत्र लिए । मेयर र वडाध्यक्षहरूले यसमा साथ दिए । काठमाडौं महानगरपालिकामा मात्र होइन अन्य जिल्लामा पनि सोही कार्य भए ।

काठमाडौं महानगरका प्रमुख बालेन्द्र (बालेन) शाह अहिले यो विकृति नियन्त्रणमा अघि बढेका छन् । काठमाडौं महानगरमा उनले सुरु गरेको अभियान स्वागतयोग्य छ । उनी जसरी अघि बढेका छन् त्यसरी नै अरु अघि बढ्ने हो मुलुकको रूप फेरिनेछ । बालेनको सिको गरे परिवर्तन सम्भव छ । त्यसैले बालेनको कामको सिको अरु स्थानीय तहका जनप्रतिनिधिले पनि गर्ने हो कि !

*रञ्जिता कार्की, घट्टेकुलो*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**
prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# शोकमा डुब्यो बिनौना गाउँ

**राँझा–** मजदुरीका लागि भारत जाँदै गरेका एउटै गाउँका दुई युवाको सडक दुर्घटनामा मृत्यु भएपछि बाँकेको राप्ती सोनारी गाउँपालिका-५ बिनौना गाउँ शोकमा डुबेको छ ।

सीमावर्ती भारतीय सहर रूपैडिहाबाट गोवातर्फ जाँदै गरेको युपी ९३ बी.टी.९९४४ नम्बरको यात्रुबाहक बस शनिबार बिहान भारतको बाराबंकीमा दुर्घटना हुँदा राप्ती सोनारी-५ बिनौना गाउँका २५ वर्षीय प्रेम थारु, २४ वर्षीय शीतल थारु, दाङ तुलसीपुर उपमहानगरपालिका निवासी ४५ वर्षीय चक्रबहादुर ओलीसहित चार नेपालीको मृत्यु भएको थियो । दुर्घटनामा परी मृत्यु भएका राप्ती सोनारी-५ बिनौना निवासी प्रेम र शीतल फूपु र मामाका छोरा नाता पर्ने दुई भाइ हुन् । एउटै गाउँका दुई युवाको सडक दुर्घटनामा मृत्यु भएपछि सिंगो बिनौना गाउँ शोकमग्न भएको वडाध्यक्ष झगरु थारुले बताए ।

'गाउँ शोकमग्न छ, हामी सबै जम्मा भएका छौं,' वडाध्यक्ष थारुले भने, 'शोकमग्न आफन्तजन तथा गाउँवासी दाहसंस्कारका लागि आइपुग्नुभएको छ ।' प्रेम र शीतल यसअघि पटक-पटक मजदुरीका लागि भारत जाने आउने गर्ने गरेका थिए । मृतक प्रेमका दुई बच्चा रहेका छन् भने शीतल अविवाहित थिए । एउटै दुर्घटनामा बिनौनाका दुई जना मृतक र केही घाइते भएपछि बिनौनावासी शोकमग्न भएको वडाध्यक्ष थारुले बताए ।

मृतकको शव भारतीय प्रहरीसँगको समन्वयमा आइतबार बिहान २ बजे नेपाल ल्याइएको इलाका प्रहरी कार्यालय जमुनाहका प्रमुख वरिष्ठ प्रहरी नायब निरीक्षक माधव रिजालले जानकारी दिए । उनका अनुसार मृतक चार जना नेपालीमध्ये एक जनाको अझै पहिचान हुन सकेको छैन । घाइतेमध्ये छ जनाको अवस्था गम्भीर रहेको भारतीय प्रहरीले जनाएको छ । उनीहरूको लखनउस्थित ट्रमा सेन्टरमा उपचार भइरहेको छ । *रासस*

## मन्त्रीलाई नियम...

पृष्ठ १ बाट जारी

गुरुङलाई पक्राउ गरी अनुसन्धान अघि बढाइएको बताइन् । 'देशको बहालवाला मन्त्री, त्यो पनि सरकारी सुरक्षाकर्मीसहित जानुभएको थियो । मन्त्रीज्युको पिएसओले पटक-पटक आग्रह गर्दा पनि नमानेर दुर्व्यवहार गरेपछि जाहेरी आएको हो । पर्यटनबाट गृह हुँदै प्रहरी प्रधान कार्यालयबाट पत्र आएपछि सुरक्षागार्डलाई पक्राउ गरी कानुनी कारबाहीको प्रक्रिया अघि बढाएका हौं,' डिएसपी चुडालले भनिन् ।

छायाँ सेन्टरमा रहेको भिएफएस ग्लोबल भिसा सेन्टर एउटा अन्तर्राष्ट्रिय निजी कम्पनी हो । जसले क्यानडा, जापानसहित युरोपका धेरै देशको भिसा प्रक्रिया अघि बढाउँछ । मन्त्री श्रेष्ठले आफू समय लिएर त्यहाँ गएको र लाइनमै बसेको अवस्थामा सुरक्षागार्डले दुर्व्यवहार गरेको दाबी गरेका छन् ।

मन्त्रीलाई दुर्व्यवहार गरेको आरोपमा श्रेष्ठका पिएसओले प्रहरी वृत्त दरबारमार्गमा जाहेरी दिएपछि गुरुङ शुक्रबार बेलुका पक्राउ परेका हुन् । जनताकै पैसाले चलेको भिएफएसमा सर्वसाधारणलाई समेत दुर्व्यवहार गर्ने गरिएको मन्त्री श्रेष्ठको भनाइ छ ।

त्यहाँका सुरक्षागार्डले ' अनावश्यक दुःख' दिने गरेको बताँइन्छ । कतिसम्म भने केही दिन पहिले छायाँ सेन्टरको बाटो हुँदै ड्युटीका लागि पुगेको प्रहरीको भ्यानलाई समेत त्यहाँका सुरक्षागार्डले आइन्दा यो बाटो नल्याउनू भनेको एक प्रहरी अधिकृतले बताए । अन्तर्राष्ट्रिय संस्थामा काम गरेको 'दम्भ' उनीहरूले सर्वसाधारणदेखि मन्त्रीसम्मलाई देखाएको उनको टिप्पणी छ ।

**पाँच दिन म्याद थप**

मन्त्री श्रेष्ठलाई दुर्व्यवहार गरेको आरोपमा पक्राउ परेका सुरक्षागार्ड गुरुङमाथि अभद्र व्यवहारको कसूरमा अनुसन्धान सुरु गरिएको छ । यस विषयमा अब थप अनुसन्धान हुनेछ ।

गुरुङमाथि अनुसन्धानका लागि प्रहरीले पाँच दिनको समय (म्याद थप) पाएको छ । गुरुङ अब पाँच दिन प्रहरीको हिरासतमै रहने भएका छन् । उनी हाल प्रहरी वृत्त दरबारमार्गको हिरासतमा छन् ।

घटना शुक्रबार बिहानको भए पनि दिउँसो मात्र पक्राउ परेका थिए । उनी पक्राउ परेका बखत शुक्रबार कार्यालय समय सकिएकाले म्याद थपका लागि लैजान नसकिएको दरबारमार्गकी डिएसपी चुडालले बताइन् । भोलिपल्ट साप्ताहिक बिदा परेकाले आइतबार मात्र म्याद थप भएको हो ।

'अभद्र व्यवहारको कसूरमा अनुसन्धान सुरु गरिएको छ । अनुसन्धानका लागि आइतबार जिल्ला प्रशासनबाट पाँच दिनको म्याद थप पाएका छौं । अब थप अनुसन्धान गरेर कसूरदार ठहरिए कानुनअनुसार कारबाही हुन्छ,' डिएसपी चुडालले प्रभाव दैनिकसँग भनिन् ।

अभद्र व्यवहारको कसूरमा अनुसन्धान गर्न काठमाडौंका प्रमुख जिल्ला अधिकारी गोविन्दप्रसाद रिजालको इजलासले पाँच दिनको म्याद थप गर्ने निर्णय गरेको हो । मुलुकी अपराधसंहिताको दफा ११८ मा कसैलाई अभद्र व्यवहार गर्न नहुने र गरेमा एक वर्षसम्म कैद वा १० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनसक्ने व्यवस्था छ ।

'कसैले सार्वजनिक स्थान वा प्रवेश गर्न कानुनी अधिकार नभएको ठाउँमा प्रवेश गरी कसैलाई अभद्र व्यवहार गर्न वा सार्वजनिक स्थानमा महिला/बालबालिका वा शारीरिकरूपमा अशक्त व्यक्तिलाई हातपात वा हैरानी गर्न वा त्यसको उद्योग गर्न हुँदैन,' अपराध संहितामा भनिएको छ । सोही दफाको उपदफा २ मा भनिएको छ, ' त्यस्तो कसूर गर्ने वा गराउनेलाई एक वर्षसम्म कैद वा १० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।'

## रञ्जन कोइराला...

पृष्ठ १ बाट जारी

भनाइ थियो । तर, संवैधानिक दायित्वलाई पालना गर्दै आफू परिषद्मा सहभागी भएको राणाको तर्क छ ।

'सर्वोच्च जनताको अदालत हो । यो संसदीय समिति पनि जनताकै हो । यहाँ मैले भन्नैपर्छ, प्रधानन्यायाधीश कुनै राजनीतिक दलबाट नियुक्ति भएको हुँदैन । उसले कुनै पनि राजनीतिक दलको प्रतिनिधत्व पनि गर्दैन । तत्कालीन समयमा नेपाली कांग्रेस र माओवादीले सहभागी नहुनु भनेर विज्ञप्ति जारी गरेका छन्,' उनले भने ।

यसअघि गत बुधबार र बिहीबार राणाले समितिमा बयान दिएका थिए । त्यस क्रममा पनि उनले आफूमाथि लागेको महाभियोग पुष्टि हुने आधार र प्रमाण नभएको जिकिर गरेका थिए ।

समितिको यही भदौ ८ गते बसेको बैठकले राणालाई बयानका लागि बोलाउने निर्णय गरेको थियो । राणाविरुद्ध सत्तारूढ नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी आबद्ध ९८ जना सांसदले अघिल्लो वर्ष फागुन १ गते २१ बुँदे आरोप लगाउँदै संसद् सचिवालयमा महाभियोग प्रस्ताव दर्ता गराएका थिए । त्यसपछि उनी निलम्बनमा परेका थिए । उनीमाथिको महाभियोगबारे छानबिन गर्न प्रतिनिधिसभाले गत फागुन २२ गते ११ सदस्यीय महाभियोग सिफारिस समिति गठन गरेको थियो ।

# आँखा उपचार केन्द्रलाई १० लाख सहयोग

**पाल्पा (प्रस)–** कालीगण्डकी आँखा उपचार केन्द्रलाई जापानी नागरिक काजुमासा काकिमी (ओकेबाजे)ले १० लाख रूपैयाँ सहयोग गरेका छन् ।

उक्त केन्द्रको सञ्चालक समितिका कार्यवाहक अध्यक्ष विनोदकुमार पोखरेललाई उनले सो रकम हस्तान्तरण गरेका हुन् । उपचार केन्द्रको माथिल्लो तलामा वार्ड र बैठककक्ष निर्माण गर्न उक्त रकम उपलब्ध गराइएको हो । तीनतले भवनको माथिल्लो तलामा वार्ड र बैठककक्ष निर्माण हुन बाँकी थियो । वि.सं २०७० मा स्थापना भएको उक्त केन्द्रका लागि ओकेबाजेले भवन निर्माणदेखि व्यवस्थापन गर्न विभिन्न समयमा सहयोग गर्दै आएको केन्द्रका प्रमुख सुन्दर रानाले जानकारी दिए । तीन दशकदेखि उनले पाल्पाको शिक्षा, स्वास्थ्य, सामाजिक संघ संस्थामा ठूलो योगदान पुऱ्याउँदै आएका छन् ।

# लागुऔषधसहित पक्राउ

**नवलपरासी पूर्व (प्रस)–** गैंडाकोट नगरपालिका-२ स्थित सडकबाट लागुऔषधसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ । खैरो हेरोइनजस्तो देखिने पदार्थ करिब ९० ग्रामसहित बर्दिया गुलरिया नगरपालिका-१२ लालपुर बस्ने ३० वर्षीय नुर आलम खाँलाई आइतबार बिहान पक्राउ गरेको प्रहरीले जानकारी दिएको छ ।

बाँकेबाट काठमाडौंतर्फ आउँदै गरेको बा१६च १६७३ नम्बरको भ्यानलाई इलाका प्रहरी कार्यालय गैंडाकोटबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा भ्यानमा सवार आलमलाई उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको जनाएको छ । उनीमाथि आवश्यक अनुसन्धान गरिरहेको प्रहरीको भनाइ छ ।

# कपिलवस्तु ३ बाट प्रतिनिधिसभामा शाहको नाम सिफारिस

■ **प्रभाव संवाददाता**

**कपिलवस्तु–** नेपाली कांग्रेस कपिलवस्तु क्षेत्र नं. ३ ले प्रतिनिधि सभातर्फ अभिषेकप्रताप शाहको एकल नाम सर्वसम्मत सिफारिस गरेको छ ।

क्षेत्रीय कार्यसमितिले पूर्वकेन्द्रीय सदस्य शाहको नाम क्षेत्र नं. ३ बाट प्रतिनिधिसभातर्फ सर्वसम्मत सिफारिस गरेको हो । नेता शाह सो क्षेत्रबाट अहिले पनि प्रतिनिधिसभामा प्रतिनिधित्व गर्छन् । उनी यस क्षेत्रबाट पटकपटक निर्वाचित भइसकेका छन् । यसैगरी कांग्रेसले कपिलवस्तु क्षेत्र नं. ३ प्रदेश 'क' तर्फ अकिल मियाँ र जमशेर अली मियाँलाई सिफारिस गरेको छ । प्रदेश 'क' मा टिकटमा प्रस्ताव भएका नेताहरूमध्ये अकिल लोकप्रिय युवा नेता मानिन्छन् । उनले टिकट पाउने सम्भावना बढी रहेको चर्चा छ ।

प्रदेशतर्फ 'ख' मा नेता वीरेन्द्र कनौडिया सिफारिस भएका छन् । कनौडिया उक्त क्षेत्रबाट एकलरूपमा सिफारिस भएका हुन् । 'ख'बाट कनौडिया अहिले पनि प्रतिनिधित्व गर्छन् । कपिलवस्तु-३ मा कांग्रेसको लागि सबैभन्दा सुरक्षित क्षेत्र मानिन्छ ।


## INVITATION FOR ELECTRONIC BIDS

**Kamal Rural Municipality**

**Office of Rural Municipal Executive**

**1 No. Province, Jhapa**

**First Date of publication: 2079/05/20 (2022/09/05)**

1. *Kamal Rural Municipality, Topgachhi , Jhapa* invites electronic bids from eligible bidders for the following Construction *works.*

| Contract ID No. | Name Of The Procurement | Procurement method | Eastimated Amount (without VAT) (NRs) | Pre Bid Meetting Date | Bid Security Amount(Nrs) | Bid Document Fee (NRs) | Bid Submission Date | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 08/KRM/NCB/ROAD/2079/080 | Construction of Asphalt Concrete Road From Gurung Tole To Bhalaya Danda | NCB-WORKS | 74,81,255.1 | 2079/06/14 2022/09/30 Time : 11:00 AM | 1,87,000.00 | 3,000.00 | 2079/06/23 2022/10/09 Time : 12:00 NOON | 2079/06/23 2022/10/09 Time : 13:00 PM |
| 09/KRM/NCB/ROAD/2079/080 | Construction Of Black Top Road From Sunara to Basbari ( Chainage 0+800 to 1+400) | | 82,15,079.21 | | 2,30,000.00 | | | |
| 10/KRM/NCB/ROAD/2079/080 | Construction Of Blacktop Road From Samra Mill-Bagane Tole-Shishabdh-Campa Connecting Road Chainage 3+780 to 4+100 | | 54,81,930.65 | | 1,53,500.00 | | | |

2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Kamal Rural Municipality, Topgachhi, Jhapa 023-475081, info@kamalmun.gov.np or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**CHIEF ADMINISTRTIVE OFFICER**

Government of Nepal

Ministry of Physical Infrastructure and Transport

Department of Roads

Madan Bhandari Highway Project Directorate

**Madan Bhandari Highway Project Office Damak**

Damak, Jhapa

## INVITATION FOR BIDS

**Notice No. 01/079/80**

**Date of First Publication: 2079/05/20 (5 September, 2022)**

**1. Madan Bhandari Highway Project Office, Damak invites Sealed bids from Nepalese eligible bidders for the Construction of following items:**

| Contract No: | Description | Average Annual Construction Turnover of best 3 years over the last 10 years (NRs. In millions) | Bid Security Amount (NRs. In Millions) | Value of similar nature work in last 10 years (NRs in Millions) | Validity Period of Bid / Bid Security Validity Period | Non Refundable fee for bid document (NRs) |
|---|---|---|---|---|---|---|
| MBHPOD/337011084/079/80-01 | Upgrading/Improvement of Mechidangi-Patapur Section to Blacktop Standard [CH. 125+000 to 126+800] | 176.93 | 2.95 | 70.77 | 120 Days/ 150 Days from Bid Opening Date | 10000 |
| MBHPOD/337011084/079/80-02 | Upgrading/Improvement of Mechidangi-Patapur Section to Blacktop Standard [CH. 126+800 to 127+800] | 115.04 | 1.92 | 46.00 | 90 Days/ 120 Days from Bid Opening Date | 5000 |

**2. Information for Deposit of Cost of Bidding Document:**

| Name of Bank | Name of Office | Office Code No. | Office Revenue Account No. | Revenue Head No. |
|---|---|---|---|---|
| Rastriya Banijya Bank Ltd. Damak, Jhapa | Madan Bhandari Highway Project Office, Damak | 337011203 | 1000100200010000 | 14229 |

**3. Information for Deposit of Bid Security Amount(In Case of Cash Deposit):**

| Name of Bank | Account Name | Deposit Account No. |
|---|---|---|
| Rastriya Banijya Bank, Bhadrapur, Jhapa | Ko. Le. Ni. Ka. Jhapa | Ka-2-3 2210100102030000 |

4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Madan Bhandari Highway Project Office Damak or may visit PPMO's e-GP system: www.bolpatra.gov.np/egp.
5. Bidder must submit their bid electronically through E-GP-II system of PPMO: www.bolpatra.gov.np/egp on or before 12:00 hours 2079/06/24 (10 October, 2022); may download the bidding documents for e-submission from PPMO's e-GP system: www.bolpatra.gov.np/egp. Bids received after this deadline will be rejected.
6. Pre-bid meeting shall be held at Madan Bhandari Highway Project Office Damak, Jhapa at 13:00 hours on 2079/06/11 (27 September, 2022).
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hours on 2079/06/24 (10 October, 2022) at Madan Bhandari Highway Project Office Damak, Jhapa.
8. Matters not covered in this notice shall be in accordance with public procurement act 2063, public procurement regulation 2064, other prevailing rules and regulations of Nepal.
9. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bid without assigning any reason, whatsoever.
10. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Project Chief**


# प्रभाव दैनिक

सोमबार, २० भदौ २०७९ (Monday, September 5, 2022)


रूपशाला

## टिकटकर तान्याको निधन

'मिस क्यानाडा'को सेमिफाइनलिष्ट भइसकेकी २१ वर्षीया टिकटकर तान्या परदाजीको स्काइडाइभिङ्का क्रममा निधन भएको छ । समाचारअनुसार उनी सोलो स्काइडाइब गरेकी थिइन । त्यहीबेला उनको प्यारासुट खुलेन र त्यहाँबाट झर्दा उनको मृत्यु भएको थियो । उनको ट्वीटर प्रोफाइलमा करिब ९५ दशमलब ४ हजार र टिकटकमा एक लाखभन्दा बढी फलोअर्स थिए । फिलोसोफीकी छात्रा तान्या एक विश्वविद्यालयमा अध्ययनरत थिइन् । सन् २०१७ मा 'मिस क्यानाडा' सौन्दर्य प्रतियोगितामा भाग लिएकी उनी सेमिफाइनलिस्ट बनेकी थिइन् ।





## अधिश र आलियालाई उपाधि

**काठमाडौं (प्रस)** – 'द कलेज एम्बेसडर २०२२' को उपाधि विजेता अधिश वैद्य र आलिया खानले जितेका छन् । हेराल्ड कलेजका वैद्यले पुरुष तथा द टाइम्स इन्टरनेशनल कलेजकी खानले महिला तर्फको उपाधि चुमेका हुन् ।

रसियन कल्चर सेन्टर कमलपोखरीमा सम्पन्न प्रतियोगितामा फष्ट रनरअप सलिना महाराजन (किस्ट कलेज) र नरेश सुनाम (काठमाडौं स्कुल अफ सेन्ट्रल स्टेट) चुनिदा सेकेन्ड रनरअप मनिषा प्रधान (गोल्डेन गेट) र निरञ्जन पोखरेल (किस्ट कलेज) घोषित भए । विजेता उपाधिका साथमा विभिन्न अवसर र गिफ्ट पुरस्कारको रूपमा प्राप्त गरे ।

कार्यक्रम व्यवस्थापन, चलचित्र निर्माण लगायत कार्यमा एकदशक बढी समयदेखि क्रियासिल ग्रीन आर्ट्स मिडियाले नेपालको इतिहासमा सन् २००७ देखि सुरु गरेको 'द कलेज एम्बेसेडर' को यो ११ औं संस्करण हो ।

बिभिन्न क्षेत्रका प्रतिस्थित व्यक्तिहरू महेन्द्र प्रसाद जोशी, रोहिया महर्जन, दिवास योन्जन, स्वप्निल सिंह निर्णायक रहेको प्रतियोगिताको फाइनलमा ८ महिला र ८ पुरुष रहेका थिए ।

कलेज अध्यायनरत युवायुवतीको प्रतिभा निर्खादै उनीहरूलाई भविष्य निर्माणमा उचित मार्ग निर्देशन गर्ने उदेश्यले कार्यक्रम आयोजना हुँदै आएको ग्रिन आर्ट मिडियाका सिइयो प्रविन लाकौलले बताए ।

प्रतियोगितामा मष्टफोटोजेनिक सदिच्छा ताम्राकार (कुसोम), मष्टट्यालेन्ट आलिया खान (द टाइम्स इन्टरनेशनल कलेज) मष्टपपुलर सुवे महर्जन (नाइटिंगेल इन्टरनेशनल कलेज), मष्टडिसिप्लेन सतजलबाबु सापकोटा (गोल्डेन गेट इन्टरनेशनल कलेज), बेष्टड्रेस अञ्जना धमला (ह्वाइटफिल्ड इन्टरनेशनल कलेज) मष्टफ्रेण्डी शिखिन तुलाधर (सेन्टपल स्कूल), वेष्टपफमेन्स सिजल महर्जन (साउथ वेस्टर्न कलेज), बेष्टस्माइल बिनिशा प्रधान (गोल्डेन गेट इन्टरनेशनल कलेज), चार्मिङ पर्सनालिटी सलिना महर्जन (किस्ट कलेज), मष्ट इन्टिलेक्च्युअल नरेश सुनाम (काठमाडौं स्कुल अफ सेन्ट्रल स्टेट), बेष्टस्पिकर निराजन पोखरेल (किस्ट कलेज) ले हासिल प्राप्त गरे ।

रंगशाला

## भलिबल संघको अध्यक्षमा जीतेन्द्रको उम्मेदवारी

**काठमाडौं (प्रस)**– नेपाल भलिबल सङ्घको आसन्न नवौं चुनावी अधिवेसनका लागि संघका वर्तमान महासचिव जीतेन्द्रबहादुर चन्दले अध्यक्ष पदमा उम्मेदवारीको घोषणा गरेका छन् ।

यही भदौ २२ गते हुने उक्त अधिवेसनका लागि चन्दले आइतबार आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष पदमा उम्मेदवारी घोषणा गरेका हुन् । उनले भलिबल खेलको विकासका लागि अन्तर्राष्ट्रियस्तरको भलिबल कर्भडहल निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरे । नेपालको राष्ट्रिय खेल भलिबलको केन्द्रमा अन्तर्राष्ट्रिय मापदण्डको कर्भडहल निर्माणका लागि सम्बन्धित निकायसँग निर्माण गर्न पहल गर्ने र आफ्नो कार्यकालमा जसरी भए पनि निर्माण गर्ने उल्लेख गरे ।

'सरकारको एकल प्रयासले मात्र पुग्दैन, यसका लागि स्वदेशी तथा विदेशी डोनरको आवश्यकता पर्दछ जुन सहयोग अपिलका लागि मेरो टिममा सशक्त व्यक्ति हुनुहुन्छ, उहाँहरूको सहयोगले नेपालमा पनि भलिबल खेलका लागि छुटै कर्भडहल निर्माण हामी गर्नेछौं', महासचिव चन्दले भने ।

महासचिव चन्दले आफ्नो कार्यकालमा कम्तीमा पनि छ वटा अन्तर्राष्ट्रिय महिला तथा पुरुष भलिबल प्रतियोगिता नेपालमा नै गर्ने योजना भएको बताए । उनले भलिबल खेललाई आर्थिक र भौतिकरूपमा सहयोग गर्ने दाता, भलिबल खेलमा आफ्नो पूरा जीवन समर्पण गर्नेहरू तथा खेल जीवनबाट सन्न्यास घोषणा गर्ने खेलाडीलाई सम्मान गर्दै जानेसमेत बताए । चन्द पूर्वखेलाडीका साथै सेन्ट्रल भलिबल एसोसियसनका कोषाध्यक्षसमेत छन् ।

## एनआरएनएको क्रिकेट टोलीको घोषणा

**काठमाडौं (प्रस)** – गण्डकी प्रदेशमा आयोजना हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि एनआरएनए स्पोर्टस् एकेडेमीले आफ्नो १४ सदश्यीय क्रिकेट टोलीको घोषणा गरेको छ ।

घोषित टोलीको कप्तानमा नेपाली राष्ट्रिय टोलीका पूर्व खेलाडी एवं अष्ट्रेलियाको एडिलेड विश्वबिद्यालय क्रिकेट क्लबका खेलाडी सुनाम गौतम रहेका छन् । यस्तै पूर्व यु १९ नेपाली टिमका कप्तान, पूर्व राष्ट्रिय खेलाडी तथा अल स्टार्स क्रिकेट टीम अमेरिकाका खेलाडी पृथु बास्कोटा उपकप्तान रहेका छन् ।

यसै गरि टोलीको ब्यवस्थापकमा स्यंभुराज डङ्गोल, संयोजकमा किरण राणा, प्रशिक्षकमा मनोज गुरुङ (युके) र सहायक प्रशिक्षकमा ज्योति भण्डारी रहेका छन् । यस्तै अन्य सदस्यमा नविन प्रधान (न्यूजिल्याण्ड), दिवस गिरी (युके लण्डन), दिनेश खरेल (न्यूजिल्याण्ड), रसिम कँडेल (अष्ट्रेलिया), सन्दिप अधिकारी (अष्ट्रेलिया), बासु गिरी (अष्ट्रेलिया), सुनिल श्रेष्ठ (युके लण्डन), दिपेन श्रेष्ठ (युएसए), दीपक क्षेत्री (अष्ट्रेलिया), आशिष पोखरेल (अष्ट्रेलिया), गम बहादुर गुरुङ्ग (युके लण्डन) र सागर पुन (युएसए) रहेका छन् ।

नवौं राष्ट्रिय खेलकुद अन्तरगतको पुरुष क्रिकेट भाद्र २२ गते देखि काठमाण्डौमानै आयोजना हुने भएको छ ।


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SPRINKLEZ GENERAL TRADING L.L.C

पूर्व स्वीकृति मिति २०७८/०९/१८ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०५/१९ LT. No. 255250 चलानी नं. ६०१६९०४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreign Food Cook | 2 | 0 | 1500 | ५२,१०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 36 | 35 | 1500 | ५२,१०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २७ गते (12th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Leading Foreign Recruitment Pvt. Ltd.**
RECRUITMENT श्रम ईजाजत नं. ६६६/०६३/०६४
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-411294, 9849325814/9818712550
Fax No. : +977-1-4465453,E-mail: hospitallity.lfr@gmail.com, Web: www.lefrn.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CITIZEN CONTRACTING CLEANING AND SERVICES

पूर्व स्वीकृति मिति : २०७८/१२/०९ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०५/१९ LT. No. 259808 चलानी नं.६०१७६५३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painter | 1 | 0 | 1200 | ४२,०५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 1 | 0 | 1200 | ४२,०५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २७ गते (12th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**Aarambha H R Services Pvt.Ltd**
Govt.Lic. No. 1241/074/075
Basundhara-03, Kathmandu, Nepal Tel : +977-1-5905046/5905044
E-mail : mail@aarambhahr.com, info@aarambhahr.com
Website : www.aarambhahr.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TASTE BIRYANI GATE RESTAURANT TO SERVE MEALS

पूर्व स्वीकृति मिति २०७९/०५/१७ LT. No. 271112 चलानी नं. ६०१८६७२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1100 | ३७,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २७ गते (12th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)**
श्रम ईजाजत नं.११४२/०७३/०७४ Maharagunj, Kathmandu, Nepal Tel: +977-1-4720450, E-mail : alkausar.nepal@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CULINARY MASTERPIECES CO LTD

पूर्व स्वीकृति मिति: २०७९/०४/२७ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०५/१९ LT. No.269332 चलानी नं. ६०१८५२५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 4 | 0 | 1700 | ५७,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २७ गते (12th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रू. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**AL TAAZ INTERNATIONAL PVT.LTD.**
श्रम ईजाजत नं. १२५१/०७४/०७५
Shreetole - Basundhara Kathmandu
Tel: +977 -1- 5905101 / 5905102, Mob No. 9801147203/ 9801040620/ 9842482418,
E-mail: altaaznepal@gmail.com, Website www.altaazintl.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : APPAREL TRADING CO.LTD.

पूर्व स्वीकृति मिति २०७७/१२/२६ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/१९ LT. No. 238847 चलानी नं. ६०१६४७२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Main Food Provider. | 21 | 0 | 1200 | ४०,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २७ गते (12th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**EMERALD ISLE NEPAL PVT. LTD.** (GULMI OVERSEAS PVT LTD)
श्रम ईजाजत नं. ११०८/०७३/०७४
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-4488542/4489323,
Email:- emeraldislenepal@gmail.com, info@einepal.com, cv.einepal@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARCHITECTURAL ROADS CORPORATION FOR OPERATION AND MAINTAINANCE

पूर्व स्वीकृति मिति: २०७९/03/0२ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०५/१९ LT. No.264241 चलानी नं. ६०१८११२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Worker | 1 | 0 | 1000 | ३३,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २७ गते (12th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : INSPIWOOD FURNITURE SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/03/१४ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०५/१९ LT. No.265973 चलानी नं. ६०१८२०३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 100 | 30 | 1500 | ४२,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २७ गते (12th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**MOBHIRA H.R. SERVICE PVT. LTD.**
श्रम ईजाजत नं. १००१/०६८/६९
Gaushala, Bijayachowk, Kathmandu BAGMATI
Tel : +977-1-4488855/4488856

## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: UNIQUE FOOD RESTAURANTS TO SERVE MEALS

पूर्व स्वीकृति मिति २०७९/०५/१९ LT. No.271209 चलानी नं. ६०१८६८८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1000 | ३३,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २७ गते (12th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**Nasser Outsourcing Consultants Pvt. Ltd.**
श्रम ईजाजत नं. ६१९/०६३/०६४
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SMART QUALITY FACILITY MANAGEMENT

पुर्व स्वीकृति मिति २०७९/०५/१९ LT No.271070 चलानी नं.६०१८६८६०

